# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १८७ | काठमाडौं | शुक्रबार, २१ कात्तिक २०८२ | Prabhab National Daily | Friday, 07 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## कार्की नेतृत्वको सरकार असफल बनाउन थरीथरी प्रयास

- आइजिपी आफूहरु अनुकुल नबनाए केही दिनमा पत्रकार सम्मेलन गरी ओमप्रकाश अर्याललाई गृहमन्त्रीबाट हटाइ छाड्ने सुधन गुरूङको चेतावनी
- कार्की नेतृत्वको सरकार असफल बनाएर पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईदेखि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी प्रधानमन्त्री बन्ने दाउमा
- कांग्रेससहित दलहरु तोकिएको समयमा निर्वाचन हुन नदिने र कार्की सरकारलाई असक्षम साबित गर्नेतिर लागिपरेको देखिन्छ



■ प्रभाव संवाददाता

**काठमाडौं–** सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार असफल पार्न थरीथरी प्रयास शुरु भएको छ । प्रहरी महानिरीक्षक नियुक्तीदेखि निर्वाचन असफल पार्न भन्दै विभिन्न समूहले प्रयास थालेका छन् ।

जेन-जी समूहले प्रहरीको आइजिपी नियुक्तीमा आफू अनुकुल व्यक्ति ल्याउन सरकारलाई दबाब दिएपछि बिहीबार मन्त्रिपरिषद्को बैठक नै बस्ने सकेन । गृहमन्त्री ओमप्रकाश अर्याल विधिअनुसार पहिलो नम्बरमा रहेका एआइजी दानबहादुर कार्कीलाई आइजिपी बनाउने तयारीमा छन् ।

तर जेन-जी समूहले कार्की भदौ २३ र २४ को घटनामा उपत्यकाको प्रहरी कमान्डर रहेको भन्दै गृहमन्त्री अर्यालको विरोधमा उभिएका छन् । बिहीबारमात्र जेन-जी समूहका अगुवा मान्दै आएका सुधन गुरुङले सामाजिक सञ्जाल फेसबुकमार्फत घुमाउरो पारामा अर्याललाई मन्त्री छाड्न चेतावनी दिएका छन् । 'देशभरबाट "हत्यारालाई कारबाही गर" "भ्रष्टाचारीलाई कारबाही" गर भन्ने आवाज उठ्दा "जेन्जीलाई कारबाही" गर भनेकोमात्र सुन्ने गृहमन्त्रीको पदमा टाँसिएर बस्नु राष्ट्रप्रति अपमान हो,' गुरुङले भने ।

गृहमन्त्री अर्याल प्रधानमन्त्री सुशीला कार्कीका प्रिय पात्र मानिन्छन् । गुरुङसहित जेन-जी समूहले प्रधानमन्त्री कार्कीलाई भेटेर वरिष्ठतमको तेस्रो नम्बरमा रहेका डा मनोज केसीलाई आइजिपी बनाउन दबाब दिन शुरु गरेका छन् । कार्की डा केसीलाई आइजिपी...

क्रमशः पृष्ठ २ मा

### 'एक थोपा रगत नबग्ने गरी निर्वाचन गराउन प्रयासरत'

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री सुशीला कार्कीले एकथोपा रगत नबग्ने र एक जना पनि घाइते नहुने गरी निर्वाचन गराउन आफू प्रयासरत रहेको बताएकी छिन् । द एसियन नेटवर्क फर फ्रि इलेक्सन्स (आन्फ्रेल) को प्रतिनिधि मण्डलसँग बिहीबार भएको भेटमा प्रधानमन्त्री कार्कीले शान्तिपूर्ण र भयरहित वातावरणमा स्वच्छ र निष्पक्ष चुनाव गराउन सरकार प्रतिबद्ध रहेको बताएकी हुन् ।

आन्फ्रेल थाइल्यान्डको बैंककमा सचिवालय रहेको अन्तरराष्ट्रिय पर्यवेक्षकहरूको सञ्जाल हो । सचिवालयका कार्यकारी निर्देशक ब्रिजा रोसालेसको नेतृत्वको टोली अहिले नेपालको निर्वाचन वातावरणको मूल्याङ्कन गर्न काठमाडौं आइपुगेको छ ।

क्रमशः पृष्ठ २ मा

## प्रतिनिधिसभा पुनःस्थापनाको माग चर्काउँदै एमाले–कांग्रेस

- प्रतिनिधिसभा पुनःस्थापना खातिर एमाले पूर्वसांसदहरूले थाले हस्ताक्षर अभियान
- प्रतिनिधिसभा पुनःस्थापनामा दबाब दिने उद्देश्य
- कांग्रेस नेता कृष्णप्रसाद सिटौला, सांसद डा. चन्द्र भण्डारी पुनःस्थापाको पक्षमा

■ जेबी योञ्जन





> विघटित प्रतिनिधिसभाको पुनःस्थापनाको माग गर्दछौं । त्यसका लागि आन्दोलन गर्दछौं
>
> ■ केपी शर्मा ओली
> अध्यक्ष, नेकपा एमाले

**काठमाडौं–** डेढ महिनादेखि सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटन गर्ने सरकारको निर्णय न्यायिक परीक्षणमा छ । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत नेतृत्वको संवैधानिक इजलासबाट विघटनको निर्णय सदरयोग्य वा बदरयोग्य ? फैसला भने आउन बाँकी छ ।

प्रधानमन्त्री सुशीला कार्कीले गत २७ भदौमा जेन-जी विद्रोहपछि आवश्यकताको सिद्धान्त भन्दै प्रतिनिधिसभा विघटन गरेकी थिइन् । विघटनविरुद्ध अदालतमा लगत्तै कानुनी चुनौती त भयो नै, अब भने सडकबाट राजनीतिक चुनौती पनि थपिने भएको छ । खासगरी नेकपा एमालेले प्रतिनिधिसभा पुनःस्थापनाको माग गर्दै आन्दोलन गर्ने भएको छ । उक्त दलका अध्यक्ष केपी शर्मा ओलीले विघटनलाई असंवैधानिक भन्दै पुनःस्थापना गर्न आन्दोलन गर्नैपर्ने बताएका छन् । हैसियत नै नभएकाले विघटन गरेको कडा टिप्पणीसमेत गरे ।

'यो असंवैधानिक सरकारले प्रतिनिधिसभा किन भंग गरेको हो भने देशलाई बेलगाम छाडातन्त्रमा चलाउन प्रतिनिधिसभा विघटन गरेको हो । यो असंवैधानिक ढंगले भंग गरेको छ, सिफारिस गर्ने हैसियतनै नभएकाहरूले सिफारिस गरेको छ,' ओलीले भने, 'संविधानको धारा कुनै केही नभएको ठाउँमा राष्ट्रपतिज्यूले भंग गर्नु भएको छ । गर्नु हुँदैन्थ्यो । त्यसकारण हामीले यो विघटित प्रतिनिधिसभाको पुनःस्थापनाको माग गर्दछौं । त्यसका लागि आन्दोलन गर्दछौं ।'

उनका दलका पूर्वसांसदहरूले प्रतिनिधिसभा पुनःस्थापनाका लागि बिहीबारदेखि हस्ताक्षर संकलन थालेका छन् । सिंहदरबारस्थित पार्टी संसदीय दलको कार्यालयमा भेला भएर हस्ताक्षर गर्नेमध्ये एक पूर्वसांसद हेमराज राईले प्रभावसँग भने, 'हामीले प्रतिनिधिसभा विघटन पुनःस्थापनाको पक्षमा हस्ताक्षर अभियान थालेका छौं । काठमाडौंमा भएका माननीयहरूले हस्ताक्षर गर्न थाल्नुभयो ।'

हस्ताक्षर गर्ने पूर्वसांसदहरू रघुजी पन्त, कृष्णगोपाल श्रेष्ठलगायत २० जना छ । अझै केही दिनसम्म एमालेले आफ्ना पूर्वसांसदहरूको हस्ताक्षर संकलन गर्ने भएको छ । तर, हस्ताक्षर के का लागि ? एमालेले प्रष्ट पारेको छैन । तर, विघटित प्रतिनिधिसभामा एमालेका प्रमुख सचेतक रहेका महेश बर्तौलाको भनाइलाई आधार मान्दा एमालेले सांसदहरूको हस्ताक्षरलाई प्रतिनिधिसभा पुनःस्थापनाका लागि दबाब दिन प्रयोग गर्ने छ ।

'सांसदहरूलाई आफैं प्रतिनिधिसभा पुनःस्थापनाको माग लिएर जानुपर्छ भन्ने परेको छ । म त सांसदहरू अदालत जानुपर्छ, कानुनी चुनौती दिनुपर्छ भन्नेमा छु तर यसबारे हामी छलफलमै छौं,' बर्तौलाले भने । एमालेको सचिवालय बैठकले यअसघि नै प्रतिनिधिसभा विघटनलाई असंवैधानिक भन्दै पुनःस्थापनाको पक्षमा उभिने निर्णय गरेको थियो । यही निर्णयलाई टेकेर एमालेले सडक आन्दोलन गर्ने र पुनःस्थापनाका लागि दबाब दिन हस्ताक्षर संकलन थालेको हो ।

जारी कांग्रेस केन्द्रीय समितिमा समेत प्रतिनिधिसभा पुनःस्थापनाको माग उठेको छ । कांग्रेसका पूर्वसांसद डा. चन्द्र भण्डारी पुनःस्थापनाको पक्षमा छन् । पुनःस्थापित प्रतिनिधिसभाबाट जेन-जीको माग सम्बोधन गर्नुपर्ने उनले बताए । 'संसद् पुनःस्थापना गरौं । संविधान संशोधन पनि गरौं र जे-नजीको माग सम्बोधन गरेर अघि बढौं,' भण्डारीले कांग्रेस केन्द्रीय समिति बैठकमा मंगलबार भने ।

कांग्रेस नेता कृष्णप्रसाद सिटौला प्रतिनिधिसभा पुनःस्थापनाको पक्षमा खुलेरै लागेका छन् । उनले विघटन असंवैधानिक भएको जिकिर गर्दै पुनःस्थापनाको माग प्रमुख बनाउनुपर्ने बताउने गरेका छन् । पार्टीमा संस्थापनइतरका नेताहरू ताजा जनादेशका लागि चुनावमै जानुपर्नेमा जोड दिइरहँदा अधिकांश संस्थापनपक्षीय नेताहरू पुनःस्थापनाको पक्षमा उभिएका छन् । पार्टीले भने औपचारिक रूपमा पुनःस्थापना कि चुनावबारे ठोस निर्णय गरेको छैन । यस्तोमा एमालेले कांग्रेसमा विस्तारै पुनःस्थापना पक्षधरहरू बढी देखिँदै जाँदा छलफल पनि थालेको छ । नेता बर्तौलाका अनुसार दुवै दलका पूर्वसांसदहरू अदालतमा पुनःस्थापनाको मागसहित जानुपर्नेबारे छलफल भइरहेको हो ।

विघटित प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे पनि यसअघि विघटनविरुद्ध सर्वोच्च अदालत जाने मनस्थितिमा थिए । तर, उनलाई कानुन व्यवसायीहरूबाट १६ वटा रिट परिसकेको हुनाले सभामुख जानु गलत हुने दलहरूको सुझाव थियो । उनका प्रेस सल्लाहकार शेखर अधिकारीका अनुसार घिमिरे अदालत नजाने भएका छन् । जेन-जी विद्रोहपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिन बाध्य भएका थिए । उनको राजीनामापछि प्रतिनिधिसभा बैठक आह्वान गर्ने र त्यहाँबाट सरकार बन्ने अवस्था रहेन ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## कोरिया जान नपाएका युवाहरूले घेरे इपिएस शाखा





- कोरिया रोजगारीको सुनिश्चितता माग्दै इपिएस भाषा परीक्षा उत्तीर्ण गरेर रोस्टरमा रहेका युवाहरु प्रदर्शनमा
- रोस्टर अवधि सकिन लागेपछि उत्पादन क्षेत्र, कृषि तथा पशुपालन, सीप बिल्डिङ क्षेत्रमा जाने प्रतीक्षामा रहेकाहरु निराश
- उत्तीर्ण भएपछि नलग्ने भए परीक्षा दिने व्यवस्था खारेज गर्नुपर्ने माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** कोरिया रोजगारीको सुनिश्चितता माग्दै इपिएस भाषा परीक्षा उत्तीर्ण गरेर रोस्टरमा रहेका युवाहरू प्रदर्शनमा उत्रिएका छन् । रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत भाषा परीक्षा उत्तीर्ण गरेर रोस्टरमा परेको वर्षौं बित्दासमेत कोरिया जान नपाएकाहरूले बिहीबार ग्वार्कोस्थित वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखा घेराउ गरेका हुन् ।

रोस्टर अवधि सकिन लागेका उत्पादन क्षेत्र, कृषि तथा पशुपालन, सीप बिल्डिङलगायतका क्षेत्रमा जाने प्रतीक्षामा रहेकाहरू घेराउका लागि पुगेका थिए । आन्दोलनमा सहभागी भक्तपुर दुवाकोटका सुमन थिङले भाषा परीक्षा उत्तीर्ण हुनु रोजगारीको ग्यारेण्टी होइन भन्नका लागि आफूहरूले कुनै चिट्ठा नभरेको बताए । 'यत्रो वर्षको कम्ती समय छ, आर्थिक लगानी भएको छ । त्यसमाथि पनि मानसिक तनाव छुट्टै छ,' थिङले भने, 'जसलाई भेटे पनि कहिले कोरिया जाने भनेर सोध्छन् । के जवाफ दिने ?' यस्तो महँगीमा तीन वर्ष तयारी गरेर परीक्षा दिएको र त्यसयता नाम पर्खिएको झण्डै दुई वर्ष पुग्न लागेको गुनासो उनको छ ।

क्रमशः पृष्ठ २ मा

### धरौटी विवरण अद्यावधिक गर्न विभागको आग्रह

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले जेन-जी प्रदर्शनका क्रममा भएको आगजनीका कारण जलेर नष्ट भएका धरौटी तथा बैंक ग्यारेण्टी रकमको अभिलेख अद्यावधिक गर्न आवश्यक प्रमाण पठाउन सरोकार भएका सबैलाई सूचना जारी गरेको छ ।

विभागले गत भदौ २४ गतेको आगजनीमा जलेर नष्ट भएका धरौटी तथा बैंक ग्यारेण्टी रकमको अभिलेख अद्यावधिक गर्न आवश्यक प्रमाण उपलब्ध गराउन वैदेशिक रोजगार व्यवसायी र अन्य संस्थालाई सूचना प्रकाशित गरी सूचित गराएको हो ।

वैदेशिक रोजगारसम्बन्धी व्यवसाय गर्ने म्यानपावर कम्पनीहरूको शाखा विस्तार, अभिमुखीकरण तालिम सञ्चालन, घरेलु कामदार पठाउने, न्यायिक धरौटीलगायत प्रयोजनका लागि विभागले धरौटी लिँदै आएको छ । उक्त रकम विभागले वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम मुद्दती खातामा एकमुष्ट रूपमा जम्मा गर्ने गरेको छ ।

गत भदौ २४ गतेको जेन-जी प्रदर्शनका क्रममा भएको आगजनीमा विभागका अभिखेल जलेर नष्ट भएका छन् । सोही कारण प्रत्येक म्यानपावर कम्पनीको धरौटीको छुट्टाछुट्टै विवरण नदेखिने भएकाले कागजात जलेर नष्ट भएको विषयमा जिल्ला प्रहरी परिसर काठमाडौंले गत असोज २७ गते मुचुल्का तयार गरेको विभागले सूचनामार्फत उल्लेख गरको छ ।

क्रमशः पृष्ठ २ मा

## असहयोगको आरोपमा आइजिपीलाई जरिवाना प्रस्ताव

- आईजीपी चन्द्रकुबेर खापुङलाई पाँच सय जरिवाना प्रस्ताव
- खापुङले आयोगलाई असहयोग गरेको र अवहेलना गरेको आरोप

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल प्रहरीका महानिरीक्षक चन्द्रकुबेर खापुङलाई जेन-जी विद्रोहमा खटिएका प्रहरीहरूको विवरण पठाउन ढिलाइ गरेर असहयोग गरेको आरोपमा जाँचबुझ आयोगले जरिवाना प्रस्ताव गरेको छ । आयोगले उनलाई पाँच सय रूपैयाँ जरिवाना प्रस्ताव गरेको हो ।

मागेको २७ दिनसम्ममा पनि आयोगलाई विवरण उपलब्ध नगराएका खापुङले त्यसपछि पनि 'केही दिनमा पठाए हुन्छ' भनेर मातहतका प्रहरी युनिटलाई निर्देशन दिएको सन्देश आयोगले पाएको थियो । यसलाई आयोगले असहयोग गरेको अर्थमा लिँदै खापुङमाथि जरिवाना गर्ने भएको हो ।

बुधबार मात्रै खापुङलाई आयोगले स्पष्टीकरण सोधेको थियो । जाँचबुझ आयोग ऐन, २०२६ को दफा ६ उद्धृत गरेरै कारबाहीको प्रस्तावसहित आयोगले स्पष्टीकरण सोधेको हो ।

नेपाल प्रहरीको इतिहासमा बहालवाला प्रहरी महानिरीक्षकलाई स्पष्टीकरण सोध्ने घटना विरलै छ । यसपटक जाँचबुझ आयोगले खापुङलाई भने सोध्यो । आयोगले स्पष्टीकरण सोध्नुको अर्को कारण आयोगको अवहेलना गरेको आरोपमा पनि हो ।

उसो त खापुङले विवरण पठाउन ढिला हुनुमा गत २३ र २४ भदौको जेन-जी विद्रोहपछि प्रहरीका कार्यालयहरू जलेर ध्वस्त हुँदा कागजपत्र खरानी हुनु रहेको जवाफ आयोगलाई दिएका छन् । हुन पनि काठमाडौं उपत्यकासहित देशका विभिन्न ठाउँमा प्रहरीका संरचनाहरू जले । खापुङले सोही कारण देखाएर आयोगलाई प्रहरीको विवरण पठाउन आनाकानी गरेका हुन् । तर, यही कारण यही २७ कात्तिकमा उमेर हदका कारण अवकाशमा जान लागेका खापुङ बेदागी बनेनन् ।

खापुङ प्रहरी महानिरीक्षक बनेको साता दिन नबित्दै राजनीतिक उथलपुथल गर्नेगरिको जेन-जी भनिने नवपुस्ताले विद्रोह गरे । त्यस क्रममा पहिलो दिन २३ भदौमा सरकारी दमन भएको थियो । विद्यालय पोशाकमा पुगेका विद्यार्थीको टाउको र छातीमा गोली लाग्यो । प्रहरीको तथ्यांकअनुसार त्यसदिन २२ जनाको मृत्यु भएको थियो । भोलिपल्ट २४ भदौमा आक्रोशित जेन-जी पुस्ताले नेताहरूको घर, व्यापारिक प्रतिष्ठान र संरचनाहरूमा आगजनी गरे ।

क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमशः**

## प्रतिनिधिसभा...

त्यसपछि विद्रोही जेन-जीहरूको चाहनाअनुसार पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री नियुक्त भइन् । अहिले उनी अन्तरिम सरकारको प्रधानमन्त्री हुन् । कार्की सरकारलाई आगामी २१ फागुनमा चुनाव गर्ने मूल दायित्व छ । चुनावको तयारीमा निर्वाचन आयोग खटिरहेको छ । तर, एमाले र कांग्रेस प्रतिनिधिसभा पुनःस्थापनाको पक्षमा उभिँदै आन्दोलनमा उत्रिए चुनाव भाँडभैलो हुने विश्लेषण हुने गरेको छ । हुन पनि यी दुई दलले गत आम चुनावमा झन्डै ५० लाख मतदाता होल्ड गरेका थिए ।

■■■

## कार्की नेतृत्वको...

बनाउने विषयमा सकारात्मक रहे पनि मन्त्रिपरिषद्का अरु सदस्य भने पहिलेबाट चल्दै आएको विधि तोडे राजनीतिक दलको सरकारजस्तै हुने मत राख्छन् । जसकारण सरकार बनेयता सबैभन्दा शक्तिशाली मानिएको प्रहरीको आइजिपी नियुक्तीमा प्रधानमन्त्री कार्कीलाई सकस परिरहेको छ । केसीलाई आइजिपी नबनाए केही दिनमा पत्रकार सम्मेलन गरी अर्याललाई मन्त्रीबाट हटाइ छाड्ने चेतावनी सुधनले दिएका छन् । 'अझै पनि गृहमन्त्रीको पदमा टाँसेर जुकाजस्तो बस्नुहुन्छ भने दुई दिनपछिको प्रेस कन्फ्रेन्सले तपाईंको भविष्य निर्धारण गर्नेछ,' सुधनले भनेका छन्, 'प्रधानमन्त्रीको प्रिय पात्रो भनेर कुर्ची बच्छ भनेर सोच्नुहुन्छ भने यो तपाईंको भ्रम हो ।'

जेन-जी आन्दोलनको अगुवाई गरेका भनिएका काठमाडौंका मेयर बालेन्द्र साह 'बालेन'समेत यो सरकारसँग रुष्ट हुन थालेका छन् । बालेनले केही दिनअघिमात्र आफ्नो असन्तुष्टि सामाजिक सञ्जालबाट पोखेका थिए । बन्चरेडाँडाको ल्यान्डफिल्ड साइटमा फालिएको फोहोरको समस्या बल्झिएपछि बालेन सरकारसँग थप असन्तुष्ट बने । भदौ २४ को घटनापछि सामाजिक सञ्जाल डिस्कर्डबाट यो समूहले प्रधानमन्त्रीमा कार्कीलाई अत्याधिक मतले छानेका थिए । पछिल्लो समय भदौ २३ को घटनाका दोषीलाई पक्राउ नगर्ने बरु प्रदर्शनकारी समूहकै युवाहरूलाई पक्राउ गर्न थालेको भन्दै जेन-जी समूह कार्की नेतृत्वको सरकारसँग असन्तुष्ट सुनिएका हुन् ।

### बाबुराम वा विद्या भण्डारीलाई प्रधानमन्त्री बनाउने प्रयास

यही असन्तुष्टिको फाइदा उठाउँदै पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई पनि प्रधानमन्त्री बन्ने दाउमा लागेका छन् । अन्तरिम सरकार गठनको क्रममा बाबुराम कार्कीसँग सँगसँगै देखिएका थिए । प्रधानमन्त्री कार्कीको शपथग्रहणमा शितलनिवास पुग्ने एकमात्र पूर्व प्रधानमन्त्री बनेका उनी पछिल्लोपटक राष्ट्रिय स्वतन्त्र पार्टीसँग नजिकिएका छन् । रास्वपाले बाबुरामसँग सहकार्य गर्ने प्रस्तावसमेत राखेका छन् । बाबुरामले भने रास्वपाका सभापति रवि लामिछानेलाई जेलबाहिर नै राखेर मुद्दा लड्ने वातावरण बनाउने उद्घोषसमेत गरेका छन् । 'रविलाई बाहिर बसेर मुद्दा लड्ने अवस्था सिर्जना गरिनुपर्छ । रविलाई बाहिर निकालेर उनको नेतृत्वमा सबै शक्ति मिलेर पुरानाविरुद्ध चुनावमा जानुपर्छ,' अघिल्लो शुक्रबार रास्वपाले आयोजना गरेको छलफलमा उनले भने ।

आफू लामिछानेको नेतृत्व स्विकार गरेर जान तयार रहेको बताउने बाबुरामले वैकल्पिक शक्ति बनाएर शीर्ष दलविरुद्ध निर्वाचनमा जानुपर्ने बताएका छन् । बाबुरामको यो तयारी कार्कीलाई प्रधानमन्त्रीबाट हटाएर आफू सरकारको नेतृत्वमा जानका लागि भएको उनी निकट एक नेताले बताए । 'रास्वपालाई मनाएर बाबुराम प्रधानमन्त्री बन्ने दाउमा देखिन्छन् । पछिल्लोपटक उहाँलाई भारतको पनि सहयोग हुने देखिन्छ,' ती नेताले भने ।

यता नेकपा एमाले भने सर्वदलीय सरकार बनाउनुपर्ने मागमा उत्रिएको छ । कार्की नेतृत्वको सरकारले निर्वाचन गर्न नसक्ने भन्दै एमाले अध्यक्ष केपी शर्मा ओलीले जेन-जीसहितको सर्वदलीय सरकारको प्रस्ताव अघि सारेका हुन् । कात्तिक १२ गते ओलीले जेन-जी समूहका केही नेताहरूसँग छलफल गर्दै यो प्रस्ताव अघि सारेका हुन् । ओलीको प्रस्तावअनुसार यसका लागि प्रतिनिधि सभा पुनस्थापान भने हुनुपर्छ । र, निर्वाचनका लागि प्रधानमन्त्री संसदबाहिरको हुनुपर्छ ।

यो उम्मेदवार विद्या भण्डारी भएको एमाले नेताहरू बताउँछन् । भण्डारीलाई चीनकोसमेत समर्थन रहने एमाले नेताहरू बताउँछन् ।

यही सेरोफेरोमा पछिल्लो उपलब्धिलाई संस्थागत गर्न लागिपरेका पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठसमेत सरकारको नेतृत्व गर्ने दौडमा देखिन्छन् । आफूले सिफारिस गरेका कतिपय व्यक्ति मन्त्री नबनेपछि कार्कीसँग श्रेष्ठ असन्तुष्ट छन् । श्रेष्ठले सिफारिस गरेका खगेन्द्र सुनार र गणपतिलाल श्रेष्ठ पछिल्लो मन्त्रिपरिषद् विस्तारमा सरकारमा अटेनन् । यसकारण श्रेष्ठलाई जेन-जी समूहले नै अघि सारेको बताइएको छ । उनी निकट व्यक्तिहरू अमेरिका, युरोपेली संघलगायत पश्चिमा मुलुकहरूले श्रेष्ठलाई साथ दिएका छन् ।

यसरी कार्की सरकारलाई असफल पार्न जेन-जीदेखि दलहरूको सक्रिय रूपमा लागिरहेको बताइएको छ । कांग्रेससहित दलहरूको तोकिएको समयमा निर्वाचन हुन नदिने र कार्की सरकारलाई असक्षम साबित गर्नेतिर लागिपरेको देखिन्छ । यसका लागि विघटित प्रतिनिधि सभाको पहिलो दल नेपाली कांग्रेसले निर्वाचनताका नै महाधिवेशनको मिति तोकेको छ भने जारी केन्द्रीय समितिमा निर्वाचनलाई एजेन्डा बनाएको छैन ।

■■■

## एक थोपा...

लामो समय न्यायाधीश र प्रधानन्यायाधीशका रूपमा काम गरेको व्यक्तिको नेतृत्वको सरकार भएकाले यसले स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने भन्नेमा आफूहरू विश्वस्त रहेको प्रतिनिधिमण्डलका सदस्यहरूले बताएका थिए । प्रधानमन्त्री कार्कीले पनि अन्तरराष्ट्रिय पर्यवेक्षकले चासो देखाएपछि निर्वाचन सुरु भइसकेको अनुभूति गराएको प्रतिक्रिया दिइन्, 'हाम्रो मुख्य उद्देश्य नै चुनाव गराउनु हो, यसैमा केन्द्रित छौं । स्वस्थ निर्वाचनको वातावरण बनाउन नागरिक समाज र पर्यवेक्षकको पनि भूमिका रहन्छ । यहाँहरूको उपस्थितिले निर्वाचन सुरु भइसकेको अनुभूति गराएको छ,' कार्कीले भनिन् ।

आन्फ्रेल प्रतिनिधिहरूसँगै नेपालको निर्वाचन पर्यवेक्षकको सञ्जाल नियोकका पदाधिकारी तथा सदस्य पनि सहभागी थिए । उनीहरूले यसपाली पहिलोपल्ट मतदान गर्ने युवा मतदातामा व्यापक उत्साह देखिएकाले मतदाता शिक्षामा विशेष जोड दिन सुझाव पनि दिए । सरकारले आगामी फागुन २१ गते तोकिएको निर्वाचन सम्पन्न गराउन तयारी तीव्र पारेको छ ।

■■■

## कोरिया जान...

त्यस्तै, सिबिटीको परीक्षा दिएका पाँचथरका सफल मगरले कि कोरिया लग्ने ग्यारेण्टी गर्नुपर्ने कि इपिएस नै बन्द गर्नुपर्ने बताएका छन् । 'रोस्टरमा भएका सबैलाई कि कोरिया लग्ने ग्यारेण्टी गर्नुपर्‍यो, कि इपिएस बन्द गर्नुपर्‍यो । यसरी गरिब नेपालीको पैसा र समय लुटिनेमात्र हो,' मगरले भने । यदि नलग्ने भए परीक्षा दिने व्यवस्था खारेज गर्नुपर्ने भन्दै उनले आक्रोश पोखे ।

सन् २०२२/२३ को भाषा परीक्षामा पास भएकाहरूको रोस्टर अवधि सकिन लागेको अवस्था छ । हाल कृषि तथा पशुपालन, सीप विल्डिङ र उत्पादन क्षेत्रमा १७ हजारभन्दा बढीको रोस्टरमा नाम निस्किएर छनोटको पर्खाइमा छन् । अझ कृषि तथा पशुपालन क्षेत्रतर्फ त अर्को परीक्षा नभए रोस्टर नै खाली हुने अवस्था छ । यसतर्फ सन् २०२३ मा भएको परीक्षा नै पछिल्लो परीक्षा हो । त्यसबेला परीक्षा दिएकाहरूको रोस्टर अवधि करिब साढे दुई महिनामात्र बाँकी रहेको जनाइएको छ । साढे दुई महिनाभित्र नयाँ परीक्षा नभए कृषितर्फ जाने कामदार नै नहुने देखिन्छ ।

विगतकै परीक्षाबाट पास भएकाहरू ठूलो संख्यामा रहेकाले रोस्टर अवधि थप हुनुपर्ने र नयाँ परीक्षा लिन नहुने माग उनीहरूको छ । त्यस्तै, आन्दोलनमा सहभागी कतिपयले दुई वर्षको रोस्टर अवधिमा कम्पनीमा एक पटक पनि फाइल नपुगेको भन्दै शाखाप्रति आक्रोशसमेत पोखेका छन् । इपिएसले भने कामदार छनोटको कुनै प्रक्रियामा आफ्नो भूमिका नहुने बताउँदै आएको छ ।

शाखाका अनुसार सन् २००८ यता भाषा परीक्षा उत्तीर्ण भएर एक लाख २० हजारभन्दा बढी श्रमिकले कोरियामा रोजगारीको अवसर पाएका छन् । कोरियामा नेपालसहित १७ वटा मुलुकबाट श्रमिक जाने गरेका छन् । इपिएसमार्फत अन्य मुलुकको तुलनामा नेपालबाट बढी श्रमिक लग्दै आएको शाखाको भनाइ छ ।

■■■

## धरौटी विवरण...

सोही मुचुल्काका आधारमा नष्ट भएका धरौटी अभिलेख अद्यावधिक गर्न वैदेशिक रोजगार व्यवसायी, अभिमुखीकरण संस्थालगायतसँग सम्बन्धित कागजात र प्रमाण उपलब्ध गराउन आग्रह गरिएको विभागले जनाएको छ ।

सूचनाअनुसार म्यानपावर कम्पनी वा अभिमुखीकरण तालिम प्रदायक संस्थाबाट धरौटी दाखिलाको भौचरको प्रमाणित प्रतिलिपि, बैंक ग्यारेण्टीको प्रमाणित प्रतिलिपि, धरौटीको यथार्थ विवरणसहितको स्वघोषणापत्र, आवश्यक परे बैंकबाट भएको कारोबारको प्रतिलिपि, व्यक्तिगत धरौटीका हकमा भौचर र निवेदन, धरौटी प्रयोजन खुलेको पत्र तथा नागरिकताको प्रतिलिपिसमेत पेस गर्नुपर्ने जनाइएको छ ।

■■■

## असहयोगको...

सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवनलगायत जलेर खरानी बने । यी दुवै घटनाको जाँचबुझ गर्न सरकारले विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा जाँचबुझ आयोग गठन गरेको हो । आयोगले प्रहरी प्रमुख र जवानसम्मका प्रहरीसँग जाँचबुझका लागि बयान लिने भएको छ ।

---

# पातारासी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### डिल्लीचौर, लासी, जुम्ला

## रोजगार संयोजक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।०७।२१**

प्रस्तुत विषयमा यस पातारासी गाउँपालिका, जुम्ला अन्तर्गत रहेको रोजगार सेवा केन्द्रमा (प्रधानमन्त्री रोजगार कार्यक्रम) रिक्त रहेको रोजगार संयोजक एक (१) पदमा खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा दरखास्त दिनहुन यो सूचना प्रकाशित गरिन्छ ।

**तपसिलः**

| क्र.सं | विज्ञापन नं. | पद | तह | संख्या | कार्यक्षेत्र |
|---|---|---|---|---|---|
| १ | ०१-२०८२/०८३ | रोजगार संयोजक | स्थानीय सेवाको छैटौं वा सो सरह | १ जना | पातारासी गाउँपालिका, जुम्ला |

१.आवश्यक न्यूनतम् शैक्षिक योग्यता र अनुभवः

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।

(ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

(ग) आधारभूत कम्प्यूटर सिप सम्बन्धी कम्तीमा तीन महिने तालिम लिएको ।

२.दरखास्त दिने स्थानः पातारासी गाउँपालिकाको कार्यालय, डिल्लीचौर, लासी जुम्ला ।

३.दरखास्त दिने अन्तिम मितिः २०८२/०८/०४ गते ( सार्वजनिक विदा परेमा दोस्रो दिन) ।

४.आवेदन दस्तुरः १,०००/- (एक हजार मात्र) -(यस कार्यालयको ग्लोबल आइएमई बैंक लि.मा रहेको आन्तरिक राजश्व खाता नं. ३६१०४००००००८ मा जम्मा गरेको भौचर )

५.छनौटको किसिमः प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन, लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता ।

६. आवेदन साथ संलग्न कागजातहरुः आवेदक स्वयंमले प्रमाणित गरेको देहायका कागजातहरुः

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ख) न्यूनतम् शैक्षिक योग्यताको लब्धाङ्क प्रमाण पत्रको प्रतिलपि

(ग) चारित्रिक प्रमाण पत्रको प्रतिलिपि,

(घ) अनुभव भए सो कागजात,

(ङ) पासपोर्ट साइजको फोटो दुई प्रति,

७. सेवा तथा सुविधाः रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम हुनेछ । पुनश्चः आवेदनको ढाँचा, रोजगार संयोजक पदको कार्यविवरण, पाठ्यक्रम लगायत अन्य विस्तृत जानकारीको लागि प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाईट www.pmep.gov.np तथा रोजगार सेवा केन्द्रबाट उपलब्ध हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

## राहदानी हरायो

मिति २०८०/०२/१९ गते काठमाडौंबाट रूकुम पश्चिम आठबिसकोट जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **दिनेस मल्ल**
राहदानी नं : **PA0६९३७५२**
ठेगानाः **काठमाडौं**
फोन नं : **९८१५५७७९४६**

## राहदानी हरायो

मिति २०७९/१२/२२ गते काठमाडौंबाट दाङ घोराही जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **आगमन रोका मगर**
राहदानी नं : **0९0९४४३**
ठेगानाः **काठमाडौं**
फोन नं : **९७४१२४९२७७**

## बिमालेख हराएको सूचना

मिति २०८१/०१/२५ गते कोटेश्वरबाट लोकन्थली भक्तपुर जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**विमितको नाम : तारा प्रसाद पाण्डे**
**ठेगाना : लोकन्थली, भक्तपुर**
**बिमालेख नं.: ११००२१५०८**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८४१२६३६९०**

---

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल कार्तिक महिना २१ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय सिद्धिचरणबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| १) ऋणीको विवरण |
|---|
| भुवे मगरको बुहारी चन्द्र बहादुर मगरको पत्नी ललित बहादुर मगरको छोरी ओखलढुंगा जिल्ला जन्तरखानी गाबिस वडा नं. ५ हाल, सिद्धिचरण न.पा. वडा नं. ६ बस्ने **कुमारी माया मगर** (ना.प्र.नं. : ५६/७०८ जारी मिति र जिल्ला : २०४४/०२/०४, ओखलढुंगा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) भक्त बहादुर मगरको बुहारी उत्तम कुमार मगरको पत्नी लाली बहादुर मगरको छोरी ओखलढुंगा जिल्ला जन्तरखानी गाबिस वडा नं. ४ हाल, सिद्धिचरण न.पा. वडा नं. ६ बस्ने **भिमु माया मगर** (ना.प्र.नं. : १३१०२१/४०४ जारी मिति र जिल्ला : २०६९/११/१५, ओखलढुंगा) |
| २) भुवे मगरको नाति चन्द्र बहादुर मगरको छोरा ओखलढुंगा जिल्ला जन्तरखानी गाबिस वडा नं. ५ हाल, सिद्धिचरण न.पा. वडा नं. ६ बस्ने **सुरज मगर** (ना.प्र.नं. : १३१०२१/१११ जारी मिति र जिल्ला : २०६६/०९/१६, ओखलढुंगा) |

| २) ऋणीको विवरण |
|---|
| जित बहादुर मगरको छोरी मान बहादुर मगरको बुहारी भिम बहादुर मगरको पत्नी ओखलढुंगा जिल्ला मोलुङ गा.पा. वडा नं. ७ हाल, सिद्धिचरण न.पा. वडा नं. ६ बस्ने **उर्मिला थापा मगर** (ना.प्र.नं. : १३-०१-७४-००३७९ जारी मिति र जिल्ला : २०७४/०२/०२, ओखलढुंगा) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| श्याम मगरको नाति मान बहादुर मगरको छोरा ओखलढुंगा जिल्ला पाल्ले वडा नं. २ हाल, सिद्धिचरण न.पा. वडा नं. ६ बस्ने **भिम बहादुर मगर** (ना.प्र.नं. : १३३०२४/४४५ जारी मिति र जिल्ला : २०७०/०२/१२, ओखलढुंगा) |

**"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"**

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**

---

# Narainapur Rural Municipality
## Office of Rural Municipal Executive
### Narainapur, Banke
### Lumbini Province, Nepal

## Invitation for Opening of Price Bids

**Publication Date: 21th Kartik, 2082 (7th Nov., 2025)**

With reference to the bid notice published on 15th Bhadra, 2082 (31st August, 2025) in National Daily for the contract mentioned below, the following bidder is selected as responsive bidder from the technical evaluation and hence invited to attend in the price bid opening as per clause 25.7 of ITB, section 1 of the bid document.

***Detail of Technical Evaluation***

***Name of the Project : Construction of Two Storey RCC Framed Structure School Building and other Infrastructure works at Aadarsh Secondary School, Laxmanpur, Narainapur -2, Banke.***

***IFB No: NRM/WORKS/NCB/BUILDING/18-2082/083***

| S.N. | Name of Bidder & Address | Remarks |
|---|---|---|
| 1 | L. D.Three Future Works Pvt. Ltd. | Responsive |
| 2 | K R Builders Pvt. Ltd. | Responsive |
| 3 | G. K Construction | Responsive |
| 4 | Arun / Tridev JV | Responsive |
| 5 | Aashisha Nirman Sewa | Responsive |
| 6 | Shashwat Construction | Responsive |
| 7 | B. Three Builders Pvt. Ltd. | Responsive |
| 8 | Badimalika / P. N. S JV | Responsive |

Detail of Price Bid Opening

Place : Narainapur Rural Municipality Office, Narainapur, Banke

Date : 28th Kartik, 2082 (14th Nov., 2025)

Time : 1:00 PM

**(Nabaraj oli)**
**Chief Administrative Officer**

# ‘पितृ’ का नाममा दीप प्रज्ज्वलन गर्दै मनाइयो नमोबुद्ध जात्रा

■ प्रभाव संवाददाता



**काभ्रेपलाञ्चोक–** नमोबुद्ध नगरपालिका-११ स्थित बौद्ध धर्मालम्बीहरूले ऐतिहासिकस्थल नमोबुद्धमा ‘पितृ’का नाममा दीप प्रज्ज्वलन गर्दै नमोबुद्ध जात्रा सम्पन्न गरेका छन् । मंगलबारदेखि सुरु भएको जात्रा बिहीबार बिहान ‘पितृ’का नाममा दीप प्रज्ज्वलन गर्दै सम्पन्न भएको हो ।

कात्तिक शुक्ल पूर्णिमाको अघिल्लो रातदेखि सुरु भएको जात्राअन्तर्गत मेला भर्न गएका तामाङ र नेवार समुदायका मानिसले आफ्नो पितृको सम्झनामा दुई दिन दुई रात दीप प्रज्ज्वलन गरेका हुन् । काभ्रेपलाञ्चोकको ऐतिहासिक, पर्यटकीय, धार्मिक एवं रमणीयस्थान नमोबुद्धमा विशेषगरी कात्तिक शुक्ल पूर्णिमाका अवसरमा ठूलो मेला लाग्दै आएको नमोबुद्ध गुठीका अध्यक्ष लोप्साङबज्र लामाले जानकारी दिए । ‘कात्तिक शुक्ल पूर्णिमा तिथिका दिन शान्तिका प्रतिक गौतम बुद्धको पूर्वजन्ममा ‘राजकुमार’ले देहत्याग गरी बघिनीलाई जीवन प्रदान गरेको दिनका रूपमा मान्दै आइएको छ । किंवदन्तीअनुसार बुद्धले लुम्बिनीमा पुनर्जन्म प्राप्त गरेपछिको जीवन त्याग गरेको भूमि नमोबुद्ध हो । उक्त स्थान ‘नमोबुद्धाय नमः’बाट नमोबुद्ध नामारकण भएको शिलालेखमा उल्लेख छन्,’ उनले भने ।

द्वापरयुगका उनै राजकुमारको अस्थिपञ्जर गाडेर बनाइएको चैत्य र जीवन त्याग गरेको स्थानमा पूजाअर्चना र दीप प्रज्ज्वलन गरेमा पितृले मोक्ष प्राप्त गर्ने जनविश्वास रहिआएको गुठीका अध्यक्ष लामाले बताए । यहाँ दीप प्रज्ज्वलनका लागि बर्सेनि बौद्ध धर्मालम्बीको ठूलो भीड लाग्ने गरेको उनको भनाइ छ ।

मेलामा करिब एक हजारले नमोबुद्धको दर्शन तथा पूजाअर्चना गरेका मन्दिर व्यवस्थापन समितिले जनाएको छ । जात्रा अवधिभर परम्परागत गीत तथा नृत्य प्रस्तुत गरिएको थियो । नमोबुद्ध गुठीका अध्यक्ष लामाका अनुसार मेला अवधिभर ‘पितृ’को सम्झनामा दीप प्रज्ज्वलन गर्नुका साथै सांस्कृतिक गीत तथा नृत्य प्रस्तु गरिएको छ । ‘यहाँ बर्सेनि पितृलाई बत्ती बाल्ने परम्परा रहँदै आएको छ, बत्ती बाल्नाले पितृलाई वर्षभरि उज्यालो हुने र मोक्ष प्राप्त हुने धार्मिक मान्यता छ,’ उनले भने ।

मेलामा सिन्धुपाल्चोकसहित सिन्धुली, रामेछाप, भक्तपुर, ललितपुर, काठमाडौं, धादिङ, नुवाकोटलगायत जिल्लाबाट बौद्ध धर्मालम्बीहरूको सहभागिता थियो । नमोबुद्धका मूल लामागुरु कान्छा लामाका अनुसार तत्कालीन पञ्चलादेश (पनौती राज्य)का राजा महारथ र रानी सत्यवतीका तीन छोरा पूर्वतर्फको गन्धमान पर्वत (जंगल)मा शिकार खेल्ने क्रममा कान्छा राजकुमारले भोकले छटपटिएको सुत्केरी बघिनीलाई आफ्नो रगत र शरीरको मासु काट्दै खुवाएर आफूले देहत्याग गरी जीवन प्रदान गर्नुभएको थियो ।

# विद्यालयमा आगलागी हुँदा दुई करोडभन्दा बढीको क्षति

**अदानचुली (हुम्ला)–** हुम्लाको अदानचुली गाउँपालिकास्थित छत्रपाल आधारभूत विद्यालयमा गएराति भएको आगलागीबाट दुई करोड रूपैयाँभन्दा बढीका संरचना जलेर क्षति पुगेको छ । अदानचुली-३ मा रहेको सो विद्यालयमा बुधबार राति माथिल्लो तलाको झ्यालबाट आगलागी सुरु भएको थियो ।

आगलागीबाट विद्यालयको दुईतले भवन पूर्णरूपमा जलेर नष्ट भएको छ । विद्यालयको मुख्य प्रवेशद्वारसहित कक्षा कोठा तथा माथिल्लो तलामा रहेको कार्यालय कोठासमेत जलेर नष्ट भएको विद्यालयका शिक्षक नन्द फडेराले बताए । उनका अनुसार कार्यालय कोठामा रहेको भवनमा आगलागी हुँदा विद्यालयमा रहेका सम्पूर्ण दस्तावेज जलेर नष्ट भएका छन् ।

कार्यालय कोठामा भएका सोलार एक थान, दुई थान ल्यापटप, दुई थान कम्प्युटर, चार थान दराज, २० थान कुर्ची, तीन थान मादल, हार्मोनियम, क्यासियो, ड्रमसेट, २०५२ साल देखिका कागजात र दस्तावेजलगायत कक्षा कोठाका डेस्कबेञ्च, प्रिन्टरलगायत सामग्री जलेर नष्ट भएका शिक्षक फडेराले बताए । उनका अनुसार भौतिक संरचनासहित दुई करोड रूपैयाँबराबरको सामग्री जलेर नष्ट भएको अनुमान गरिएको छ ।

विद्यालय नजिक बस्ती तथा आगो बाल्ने घरसमेत नरहेकाले अज्ञात समूहले नियोजित रूपमा आगलागी गरेको हुनसक्ने आशंका गरिएको विद्यालयका शिक्षक जमानसिंह परियारले बताए । आगलागी भएको समयमा कार्यालय कोठाको ढोका खुला रहेको पाइएको उनको भनाइ छ । उनका अनुसार विद्यालयमा कक्षा १ देखि ८ सम्म अध्ययन हुने गरेको छ । *रासस*


## होटल कर्मको वातावरणीय प्रभाव मुल्याङ्कनको सार्वजनिक सूनुवाईको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०७/२१

बागमती प्रदेशको, काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं. ०३, महाराजगञ्जमा कर्म हस्पिटालिटी प्रा.लि. द्वारा प्रस्तावित होटल कर्मको १६८ कोठा र २१६ शय्या क्षमतामा होटलको निर्माण तथा सञ्चालनको लागि लागि वातावरण संरक्षण ऐन २०७६, तथा वातावरण संरक्षण नियमावली २०७७ को प्रावधान अनुसार वातावरणीय प्रभाव मुल्याङ्कन गर्ने क्रममा वातावरण संरक्षण नियमावली २०७७ नियम (६) को प्रावधानमा व्यवस्था भए बमोजिम सार्वजनिक सूनुवाईको लागि यो सूचना प्रकाशित गरिएको हो । उक्त आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन तयार गर्दै गर्दा प्रतिवेदन स्वीकृतिको क्रममा वातावरणीय सवालबारे सुझाव सङ्कलन गर्नुपर्ने भएकाले स्थानीय समुदाय तथा सरोकारवालाहरु र प्रस्तावकको प्रतिनिधि बीच सार्वजनिक सूनुवाई निम्न मिती, समय र स्थानमा हुने भएकोले सम्बन्धित सबै सरोकारवाला महानुभावहरुको सक्रिय सहभागिताको लागि अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनवाई हुने मिती, समय र स्थान**

मितीः २०८२/०७/२९ गते, शनिवार, समयः बिहान ७:३० बजे
स्थानः होटल कर्मको प्रस्तावित भवन निर्माण स्थल,
का.म.न.पा. वडा नं.०३, महाराजगञ्ज
आयोजक कर्म हस्पिटालिटी प्रा.लि.

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## हकदावी गर्न आउने बारेको ३५ दिने सूचना

प्रकाशित मिति २०८२/०७/२१ गते

यस कार्यालयमा मिति २०८०/०६/१६ मा दर्ता भएको **मुडे कन्स्ट्रक्सन प्राइभेट लिमिटेड (प्रा.लि.नं. ३२०८१५)** नामक कम्पनीले दर्ता खारेज गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हकदावी**को लागि **३५ (पैतिस)** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस GLOBAL HIRING HUB (ई.प.नं. १६२०/०७९/०८०) मा कार्यरत तपसिलमा रहेको कर्मचारीहरूलाई यस प्रा.लि.बाट हटाइएको हुँदा निज व्यक्तिहरूद्वारा यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

तपसिल

| S.N | Name | Citizenship No. | Address |
|---|---|---|---|
| 1 | Lali Maya Gurung | 1463 | Sindhupalchok |
| 2 | Smriti Adhikari | 27-01-71-09860 | Jhapa |
| 3 | Nir Bahadur Rana | 44-01-76-01482 | Gorkha |
| 4 | Ina Kumari Basnet | 16-02-75-00490 | Saptari |
| 5 | Suman Kumar Gurung | 631022-20 | Dailekh |

GLOBAL HIRING HUB PVT. LTD.
Rudramati Marga Buddhanagar-10 (Bijulibazzar) Kathmandu, Tel: 015922942, 9709184055, 9709065986, 9709065984 / Email:- info@thehiringglobal.com, Web: www.thehiringglobal.com
Govt.Lic. No 1620/079/080

## कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०७/२१ गते**

यस कम्पनीको मिति २०८२/०६/३१ को साधारण सभा/विशेष साधारण सभाको निर्णर बमोजिम साविकको नाम **ब्रदर्श बम्जन कन्स्ट्रक्सन (Brother Bamjan Construction** (दर्ता नं. २८७७१३) को नाममा रहेको चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **ब्रदर्श बम्जन कन्सट्रक्सन प्रा.लि. (Brothers Bamjan Construction PVT.LTD )** ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धार जानकारी गराउँछौ ।

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **GRAND SHIKHAR OVERSEAS PVT LTD** (ई.प.नं. ७५६/०६४/०६५) मा कार्यरत तपसिलमा रहेको कर्मचारीहरूलाई यस प्रा.लि.बाट हटाइएको हुँदा निज व्यक्तिहरूद्वारा यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

तपसिल

| क.सं. | नाम | नगरिकता नं. | पद | राजिनामा मिति | छाडेको मिति |
|---|---|---|---|---|---|
| १ | सिताराम ढुङ्गा | 12498/2458 | Govt. Liaison Officer | २०८२/०३/०१ | २०८२/०४/०१ |
| २ | बुद्धिकृष्ण खतिवडा | 62736 | Driver | २०८१/१२/०१ | २०८२/०१/०१ |
| ३ | प्रेम बहादुर आले | 25948 | Security Guard | २०८२/०१/०१ | २०८२/०२/०१ |

GSO Govt. License 756/064/65
GRAND SHIKHAR OVERSEAS PVT LTD
Lazimpat, Kathmandu, Tel: +977-1-4516940, Web: gso@grandshikhar.com

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक १८५ कार्तिक १९ गते २०८२ मा प्रकाशित **Kalika Human Resource Pvt Ltd** को Lot No. 333248 को BLUE-I CORPORATION SDN BHD कम्पनीको विज्ञापनमा मलेशियामा रोजगार हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

KALIKA HUMAN RESOURCE PVT LTD
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक १८६ कात्तिक २० गते २०८२ मा प्रकाशित **Pari Overseas Pvt. Ltd.** को Lot No. 333251 को विज्ञापनमा अन्तवार्ता मिति २०८२ कात्तिक २८ गते (14th Nov. 2025) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

Pari Overseas Pvt. Ltd.

## राहदानी हरायो

मिति २०७८/०३/१९ गते काठमाडौंबाट दाङ्ग घोराही जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **राज कुमार बुढा मगर**
राहदानी नं : **०६२०१८६५**
ठेगानाः **काठमाडौं**
फोन नं : **९७४९७२५०८४**

## राहदानी हरायो

मिति २०८०/०१/२१ गते काठमाडौंबाट रोल्पा जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **सरोज विक्रम रोका**
राहदानी नं : **०९०९६२५५**
ठेगानाः **काठमाडौं**
फोन नं : **९७४२३५६६८०**

## ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड

greenlife Hydropower Ltd.
रजिष्टर्ड कार्यालयः का.म.न.पा.२८, कमलपोखरी, काठमाण्डौं
सम्पर्क नं. ०१-४५११३७३
Email: nepalgreenlife@gmail.com
Website: greenlifehydropower.com.np

### तेह्रौं, चौधौं र पन्ध्रौं बार्षिक साधारणसभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८२ असोज ८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न कम्पनीको १३ औं, १४ औं तथा १५ औं वार्षिक साधारणसभा बोलाईएकोमा सो साधारणसभामा गणपूरक संख्या नपुगी स्थिगित भएकाले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम मिति २०८२/०७/२० को संचालक समितिको बैठकको निर्णय बमोजिम कुनै नयाँ प्रस्ताव समावेस नगर्ने गरी पूनः देहायको मिति, स्थान तथा समयमा बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान तथा समय :**

मितिः २०८२/०७/२८ गते (तदअनुसार नोभेम्वर १४, २०२५)
स्थानः लिसारा रिसेप्सन्स प्रा.लि. (Lisara Receptions Pvt. Ltd.), भगवतीबहाल, नक्साल काठमाण्डौ
समयः बिहान ११:०० बजे

**छलफलका प्रस्तावहरू :**

**क) सामान्य प्रस्तावहरु :**

१. कम्पनीको संचालक समितिको तर्फवाट अध्यक्षले प्रस्तुत गर्ने आ.व. ०७८/०७९, ०७९/०८० र ०८०/०८१ क्रमश तेह्रौं, चौधौं र पन्ध्रौं संयुक्त बार्षिक प्रतिवेदन माथी छलफल गरि पारित गर्ने ।
२. आ.व. ०७९/८० को लागि मिति २०८०/०९/१७ को संचालक समितिले निर्णय गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयले मिति २०८०/१०/०८ मा एस.सुवेदी एण्ड एसोसिएट्सलाई गरेको नियुक्त र आ.व. ०८०/८१ को लागि मिति २०८१/०९/२३ को निर्णयले सिफारिस गरी श्री कम्पनी रजिष्टारको कार्यालयले मिति २०८१/०९/२८ मा लेखापरिक्षक श्री एन. दि. एण्ड एसोसिएट्सलाई गरेको नियूक्ती तथा पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा ।
३. आ.व.०७८/०७९, ०७९/०८० र ०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब तथा सम्वन्धित अनुसुचीमा छलफल गरी पारीत गर्ने सम्वन्धमा ।
४. आर्थिक बर्ष ०८१/०८२ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती एबं निजको पारीश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
५. संचालक नियुक्ती अनुमोदन तथा सर्वसाधरण समुहबाट बाँकी अवधि प्रतिनिधित्व गर्ने संचालक चयन गर्ने सम्वन्धमा ।

**ख) बिशेष प्रस्तावहरु :**

१. अधिकृत तथा जारी पूजिँ बृद्धि सहित प्रवन्धपत्रको दफा ६ को उपदफा (क) (ख) (ग) (घ) र (ङ) संशोधन गर्ने सम्वन्धमा विशेष प्रस्ताव ।
२. कम्पनीको स्विकृत नियमावलीको नियम २७ (१) (२) (क) (ख) (ग) र ३६ (५) संशोधन गर्ने विशेष प्रस्ताव ।
३. हाल कायम रहेको जारी तथा चुक्ता पूँजीबाट १ बरावर १ हकप्रद शेयर जारी गर्ने सम्वन्धमा विशेष प्रस्ताव ।
४. कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा (१) (ख) का सम्वन्धमा विशेष प्रस्ताव ।
५. उल्लेखित साधारण तथा विशेष प्रस्तावका सम्वन्धमा कम्पनी रजिष्टार कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., विद्युत बिकाश विभाग, सिडिएस एण्ड क्लियरिङ्ग लि. बिद्युत नियमन आयोग लगायत नियमनकारी निकायबाट फेरवदल गर्न निर्देशन आएका बखत सो सम्वन्धि आवश्यक निर्णय गर्ने, संशोधन गर्ने अख्तियारी संचालक समितिलाई दिने विशेष प्रस्ताव ।

**ग) बिबिध**

संचालक समितिको निर्णय अनुसार,
कम्पनी सचिव

**साधारण सभा सम्वन्धी सामान्य जानकारी**

१. तेह्रौं, चौधौं र पन्ध्रौं सम्यूक्त बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०७/१२ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताव बन्द गरिए पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०७/११ गते सम्म कारोवार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिनको लागि योग्य हुनेछन् ।
२. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुको सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान १०:०० देखि ११:०० बजे सम्म खुल्ला रहनेछ । शेयरधनीको उपस्थितिवाट प्रचलित ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपूरक संख्या पूरा भए पश्चात् सभाको कार्यवाही अगाडी बढाइनेछ ।
३. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियूक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यलयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागी प्रतिनिधि नियूक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोहि अवधिभित्र कम्पनीको रजिष्टर्ड कार्यलयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ तर प्रतिनिधि नियूक्त गर्नु भएका शेयरधनि आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।
४. मिति २०८२/०७/१८ गते तय भएको साधारणसभामा कुनै शेयरधनी महानुभावले छलफलका विषयहरु मध्ये विविध शीर्षक अर्न्तगत कम्पनी सम्वन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा कम्तीमा सात (७) दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेमा त्यस्तो प्रस्तावहरु प्राप्त नभएकाले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) र (३) बमोजिम पूनः बोलाईएको यो वार्षिक साधारण सभामा बिबिध बिषयमा छलफल नहुने ब्यहोरा अनुरोध छ ।
५. पूनः बोलाईएको यो वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ । साथै, अन्य थप जानकारी कम्पनीको वेभसाइट www.greenlifehydropower.com.np मार्फत समेत प्राप्त गर्न सक्नु हुनेछ ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

इभाङ, इलाम

## बोलपत्र स्वीकृतीको आशयको सूचना

**सुचना प्रकाशन मिति २०८२/०७/२१**

यस कार्यालयबाट तपशिलको मितिमा प्रकाशित सूचना अनुसार निम्न कार्य गर्नको लागि बोलपत्र प्रकाशित भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| निर्माण कार्यको नाम र ठेक्का नं | ल.ई. रकम रु. (मु.अ.कर र पि एस सहित) | न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको नाम | कबोल रकम रू. (मु.अ.कर र पि एस सहित) | ल.ई. भन्दा घटि रकम रु. (मु.अ.कर र पि एस सहित) | बोधार्थ (कबोल रकम सहित) |
|---|---|---|---|---|---|
| Construction of Basic School Building-2 in Mangsebung Rural Municipality (MRM/NCB/WORKS/SB/2082/083-2 | Nrs.24,99,983.16 | Ilameli Nirman Sewa, Mai Municipality-02, Ilam | Nrs.19,66,454.11 | 5,33,529.05 (21.34%) | 1) Eastern Nepal Builders Pvt. Ltd, Sandakpur-03, Deurali (NRs. 20,44,245.01) |
| Construction of Basic School Building-3 in Mangsebung Rural Municipality (MRM/NCB/WORKS/SB/2082/083-3 | Nrs.24,99,983.16 | Bhardaha Construction and Suppliers, Mai Municipality-01, Ilam | Nrs.19,66,724.75 | 5,33,258.41 (21.33%) | 1) Nasip Nirman Sewa (NRs. 21,44,095.20) |
| Construction of Basic School Building-4 in Mangsebung Rural Municipality (MRM/NCB/WORKS/SB/2082/083-4 | Nrs.24,99,908.77 | Ilameli Nirman Sewa, Mai Municipality-02, Ilam | Nrs.19,73,494.01 | 5,26,474.76 (21.06%) | 1) Eastern Nepal Builders Pvt. Ltd, Sandakpur-03, Deurali (NRs. 20,18,672.83) 2) Nasip Nirman Sewa (NRs. 21,42,047.10) |
| Construction of Basic School Building-5 in Mangsebung Rural Municipality (MRM/NCB/WORKS/SB/2082/083-5 | Nrs.24,99,908.77 | Bhardaha Construction and Suppliers, Mai Municipality-01, Ilam | Nrs.19,77,400.43 | 5,22,508.34 (20.90%) | 1) Nasip Nirman Sewa (NRs. 21,27,365.55) |
| Construction of Basic School Building-6 in Mangsebung Rural Municipality (MRM/NCB/WORKS/SB/2082/083-6 | Nrs.24,99,097.41 | Nasip Nirman Sewa, Ilam-04, Malate | Nrs.21,92,539.43 | 3,06,557.98 (12.27%) | |

प्रमुख प्रशासकिय अधिकृत

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# आइजी सा'ब, आयोगसँग जवाफदेही बन्नु

जेन-जी विद्रोहको क्रममा भदौ २३ गते निवर्तमान सरकारले दमन गऱ्यो । उक्त दमनका क्रममा ४५ जना सहिद बने । भदौ २४ को घटनासहित जोड्दा ७६ जनाको ज्यान गयो । भदौ २३ गते युवाहरू भ्रष्टाचारको विरोधमा उत्रिएका थिए । उनीहरूमाथि सरकारले चर्को दमन गर्दा नयाँ बानेश्वरको संसद भवन अगाडि १९ जना युवाको ज्यान गयो ।

यसरी चर्को दमन र नरसंहार मच्चाउने बेला सरकारको नेतृत्व गरिरहेका थिए एमाले अध्यक्ष केपी शर्मा ओली । ओलीले आफूले गोली चलाउन आदेश नदिएको भन्दै पन्छिएका छन् । शान्ति सुरक्षाको जिम्मेवारी लिने गृहमन्त्रालयको नेतृत्वमा थिए कांग्रेस नेता रमेश लेखक । लेखक पनि ओलीकै शैलीमा यो जिम्मेवारी लिन तयार देखिएनन् । यी दुई जना र काठमाडौं जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी छवि रिजाललाई पक्राउ गर्नुपर्ने जेन-जी विद्रोहको जनादेश छ ।

यही घटना अध्ययन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा उच्चस्तरीय छानबिन आयोग बन्यो । यो आयोगलाई विभिन्न तवरले असहयोग भइरहेको बेला प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङले पनि अटेरीपन देखाएका छन् । आयोगले खापुङसँग भदौ २३ गते संसद भवन र त्यस क्षेत्रमा खटिएका प्रहरीको सूची मागेको थियो । शुरुमा खापुङले उक्त पत्रको कुनै प्रतिक्रिया नै दिन चाहेनन् । आयोगले बारम्बर ताकेता गरेपछि बल्ल खापुङले पत्र पठायो । उक्त पत्रको जवाफ गैरजिम्मेवार पूर्ण देखियो ।

पत्रमा भनिएको थियो – उक्त दिन सबै आइजिपीदेखि जवानसम्म सबै फिल्डमा खटिएका थिए । पत्रको सार थियो, उक्त दिन सबै फिल्डमा खटिएकाले गोली चलाउने आफै पत्ता लगाउनु । जनआक्रोश र विद्रोहको क्रममा राज्यले गरेको दमन सह्य हुन्न । यस्तो घटनाको निष्पक्ष छानबिन हुने गर्छ । यसैका लागि उच्चस्तरीय आयोग गठन भएको हो । तर सुरक्षा निकाय जसले जनताको शान्ति सुरक्षाको जिम्मेवारी लिएको छ, उसैले गैरजिम्मेवारीपन देखाउनु दुःखद विषय हो ।

खापुङ ओली सरकारको पालामा आइजिपी बनेका हुन् । यसो भन्दैमा खापुङले ओलीकै आदेश मान्नुपर्ने हैन । विधिअनुसार जवाफ पठाउने हो । उक्त दिन बानेश्वर क्षेत्रमा खटिएका प्रहरीको विवरण पठाएर जनताप्रति जवाफदेही बन्ने हो । किनकि परिवर्तन संस्थागत गर्न उनीहरूले जीवन गुमाएका छन् । के कति कारणले प्रहरीले गोली चलाए, त्यो खुल्नुपर्छ । नेतृत्व जोगाउने नाममा प्रहरी प्रमुखले छलछाम गर्नुहुन्न ।

श्रम सरोकार

## वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# देश विकासमा अपरिहार्य युवा नेतृत्व



डा. राजेन्द्र केसी

> नेपालको सन्दर्भमा हेर्दा पनि यो आन्दोलनले संविधान वा वर्तमान व्यवस्थाको विकल्प खोजेको होइन, बरू यही संविधानभित्र सुधार र उत्तरदायित्वको माग उठाएको हो । सुधारका लागि निरन्तर जनदबाब आवश्यक हुन्छ, किनकि दबावविना सत्ता सुस्त र अकर्मण्य बन्दै जान्छ । त्यसैले, यो आन्दोलनले संरचनागत परिवर्तन होइन, व्यवहारगत सुधारतर्फ ध्यान केन्द्रित गरेको छ । जनताको आवाज सत्तासम्म पुऱ्याउने माध्यमका रूपमा रहेको छ । जब राजनीति सुस्ताउँछ, त्यस्ता सामाजिक आन्दोलनहरूले नै त्यसमा चेतना र गति भरिदिन्छन् । यही कारणले यो आन्दोलन अस्थिरताको होइन, सुधार र पुनर्जागरणको संकेत हो ।

संयुक्त राष्ट्रसंघले सन् १९८५ लाई युवा वर्ष घोषणा गरेको थियो । सन् १९९९ देखि युवाका आवाजलाई बुलन्द गर्ने हिसाबले हरेक वर्ष १२ अगस्टका दिन युवा दिवसका रूपमा मनाउने गरिन्छ । युवाहरू स्वभावैले ऊर्जाशील, सकारात्मक परिवर्तनका संवाहक र परिवर्तनका उत्प्रेरक हुन् । युवा भन्नेबित्तिकै शारीरिक, मानसिक शक्तिले ऊर्जाशील व्यक्तित्व बुझिन्छ । आजको युवाले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण सक्रिय भएर लग्नु जरुरी छ । यो वर्ग साहस, सिर्जनशील, उच्च आत्मविश्वास, निर्णय गर्न सक्ने क्षमता, काम गर्न सक्ने तत्परता भएको हुँदा राष्ट्र निर्माणमा सहभागी गराई देशको मानवीय पुँजीका रूपमा राज्यले परिचालन गर्नु पर्दछ । उमेरको हदलाई हेरी युवाको परिभाषा विभिन्न मुलुकका सरकारले आ-आफ्नै तरिकाले गरेको पाइन्छ ।

नेपालको राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्ष उमेरकालाई युवा घोषित गरेएको छ । 'युथ भिजन २०२५' ले युवाको उमेर समूहलाई १६ देखि २४ वर्ष र २५ देखि ४० वर्ष गरी दुई उमेर समूहमा विभाजन गरेको छ । भारतले १६ देखि २९ वर्ष, चीनले १८ देखि ३५ वर्ष, जर्मनीले १४ देखि २६ वर्ष, बंगलादेश र फिलिपिन्सले १५ देखि ३० वर्ष, दक्षिण अफ्रिकाले १५ देखि २९ वर्षलाई युवा भनी घोषणा गरेका छन् ।

युवाको परिभाषा आ-आफ्नै तरिकाले भने पनि अधिकांश देशमा युवाको उमेर १५ देखि ३५ वर्षको उमेरलाई प्राथमिकता दिएको पाइन्छ । राष्ट्रसंघीय जनसंख्या कोषले भने काम गर्नसक्ने उमेर भनेको १५ देखि ६४ वर्षको जनसंख्यालाई मानेको छ तर हाम्रो देशमा भने ४१ वर्षदेखि माथिको उमेरलाई पाको उमेरको संज्ञा दिइएको छ । कैयन् विभिन्न सेवामा काम गर्ने मानिस ५० वर्षदेखि पेन्सन पकाएका छन् भने ५९ वर्षमा त काम गर्न नै नसक्ने भनेर अवकाश गरी घरमा नै बसेको पाइन्छ ।

हाम्रो देशको कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको नीति, नियम, कानुन, विनियम राम्रोसँग अध्ययन गरी परिवर्तन गर्नुपर्दछ । नीति नियमले नै एउटै नेपाली जनतालाई काखा र पाखा गरेको छ । नेपालमा उद्योगधन्दाहरू नहुँदा युवावर्ग विदेसिन बाध्य हुन पुगेका छन् । नेपाल सरकारले ११० देशलाई संस्थागतरूपमा वैदेशिक रोजगारमा जान खुला गरेको छ । व्यक्तिगत श्रम स्वीकृतिमा १७२ मुलुकमा नेपाली कामका लागि वैदेशिक रोजगारमा गएका छन् ।

## युगको युवा

नेपालको इतिहास हेर्ने हो भने १०४ वर्ष राणाशासनको युग थियो । ३० वर्षको पञ्चायती शासनको युग थियो । वि.सं. २०४६ देखि २०६२/६३ को बहुदलीय व्यवस्थाको युग थियो । वि.सं. २०६२/६३ देखि आजसम्म लोकतान्त्रिक गणतन्त्रको युग छ । हरेक युगलाई हेऱ्यौं भने, हरेक परिवर्तनलाई अध्ययन गऱ्यौं भने तत्कालीन युवाले नै परिवर्तनमा भूमिका खेलेको पाइन्छ । त्यतिबेलाको परिवर्तन धेरै कठिन थियो । बोल्न, लेख्न पाइँदैनथ्यो । शासक वर्गको कठपुतली बन्दै जे पनि हुन्छ भनेर भन्नु पर्दथ्यो । त्यसकारणले पनि हामीले हाम्रा पुर्खालाई मानसम्मान गर्दै आदर गर्दै हरेक पार्टीका युवाले आफ्नो अभिभावक र संरक्षक बनाएर राज्य सञ्चालन र देशको विकास गर्न युवा वर्ग चालक/पाइलट बनेर अगाडि बढ्नुपर्दछ ।

हाम्रा पुर्खाको अनुभव, ज्ञान, दक्षता, क्षमता भनेको शासन परिवर्तन गर्ने, लडाइँ गर्ने, जेल बस्ने, जंगलबाट युद्ध गर्ने, सत्ता परिवर्तन गर्नेजस्ता साहसिला काम गरे । जेलनेल बस्दा विश्वविद्यालय अध्ययन गर्न पाएनन्, राम्रा पुस्तक अध्ययन गर्न पाएनन् । संसारको देशमा कस्तो विकास भएको छ सोको पहिचान गर्न पाएनन् । विकासको रणनीतिक धारणा थाहा पाएनन् । अहिलेको युवाहरूले आफ्नै देशमा राम्राराम्रा स्कुल, कलेज, विश्वविद्यालयमा अध्ययन गर्ने मौका पाएका छन् । विश्वका विश्वविद्यालयमा अध्ययन गरेका छन् । विश्वका विकसित मुलुकको अध्ययन गरेका छन् । सूचना र प्रविधिको उपयोग गर्न पाएका छन् । स्थल, जल र वायुयानको माध्यमद्वारा छिटोभन्दा छिटो यात्रा गर्न पाएका छन् ।

२१औं शताब्दीको विकास र आवश्यकतासँग परिचित छन् । पहिचान गर्न सक्छन् । अबको विकास अघिल्लो पुस्तालाई चाहिने होइन । अबको विकास सकिन्छ हाम्रो पुस्ताले उपयोग गर्ने हो, सकिँदैन भने अर्को पुस्ताले उपयोग गर्ने हो । एकपटक यो पुस्ता 'बौलाहा' बनेर काम गर्नुपर्दछ । 'पागल' बनेर काम गर्नु पर्दछ । अहिलेको पुस्ताको ज्ञान, बुद्धि, विवेक, चाहना भनेको व्यवस्थापनमा छ, विचारमा छ, विकासमा छ, बजारमुखी अर्थतन्त्रमा छ, उत्पादनमुखी अर्थतन्त्रमा छ, स्वावलम्बी बन्नेमा छ, इन्टरप्रेनरसिपमा छ, स्टार्टसअप व्यवसायमा छ, स्वतन्त्र तरिकाले काम गर्नेमा छ ।

यो देश बनाउन लगभग ४१ प्रतिशत युवाको इच्छा, चाहना, विचार र आवश्यकता बुझ्ने र बुझाउने राजनीतिक नेतृत्व, व्यावसायिक नेतृत्व र कुशल प्रशासकको आवश्यकता छ । आगामी पुस्ताका लागि यो पुस्ताले नेतृत्व लिनैपर्दछ । प्रशासन चलाउनु नै पर्दछ । हरेक व्यक्ति, समाज, र देशमा एउटा युग आउँछ, त्यस समयमा शासनपद्धति त्यही युगका व्यक्तिले चलाउँछ । आज नेपालमा युवाको 'युग' आएको छ । केही दशक वा हिजोसम्म धेरै उमेर र अनुभवी व्यक्तिको युग थियो । त्यो युग आज फेल भएको प्रमाणित भएको छ । यसको प्रमाण धेरै छन्, जसमध्ये ८० लाखभन्दा बढी युवा संसारका विभिन्न देशमा कामको खोजीमा छन् ।

अब विदेसिएका युवाहरूलाई स्वदेशमा फिर्ता गर्नुपर्छ । अबको नेतृत्व युवाले गर्नुपर्छ । यो देशको मुहार फेर्नुपर्दछ । संसारको हरेक देशलाई हेऱ्यौं भने हामीजस्तै गरी उठेका छन् । मरुभूमि बालुवाबाट उठेका छन् । चिसोभन्दा चिसो हावापानी र हिउँबाट उठेका छन् । तातोभन्दा तातो हावापानीबाट माथि उठेका छन्, जुन देश बन्नका लागि एक समय युवाहरूले त्याग गरे र देश निर्माण गरे । हाम्रा युवाहरूले संसारको १७२ देश प्रत्यक्ष वा अप्रत्यक्ष तरिकाले बनाइसके । अब आफ्नै देश किन नबनाउने ? आफ्नै देश बनाउने बेला आएको छ ।

युवाको परिभाषा र युवा हुनका लागि समाजको परिवर्तन र रूपान्तरणमा देन दिन सक्नुपर्दछ । आफूले आफ्नै स्वार्थका लागि काम गर्नु युवाको परिभाषाभित्र पर्दैन । तर, आफूलाई परिवर्तन गरेर समाजलाई परिवर्तन गर्नुपर्दछ । परिवर्तन यति सजिलो छैन, ठूलो त्याग र तपस्या गर्नुपर्दछ । यसका लागि प्रशस्त मात्रामा अनुशासन र आफूले आफूलाई कानुन बनाएर अगाडि बढ्नुपर्दछ । सरकारले बनाएको कानुनले व्यक्तित्व विकास गर्न कुनै सहयोग गर्दैन । आजको युवाले बिर्सनै नहुने विषय के हो भने जीवनका स-साना विषयवस्तुलाई मध्यनजर गरी कार्य गर्नुपर्दछ; जस्तैः दैनिक क्रियाकलाप, समयको सही व्यवस्थापन, साथीसँगको उठबस, सकारात्मक सोचको विकास, पारिवारिक सम्बन्ध, सामाजिक कार्यमा संलग्न, माया, प्रेम, शैक्षिक कार्यक्रममा सहभागिता नेतृत्वदायी भूमिका, साहित्यिक काममा संलग्न, नयाँ-नयाँ पुस्तकको अध्ययन, आफूभन्दा ठूला मानिससँगको संगतलगायत कार्यहरूलाई आफ्नो दैनिकीमा राख्नुपर्दछ ।

जहिले पनि परिवर्तन सानो विषयबाट हुन्छ, परिवर्तन एउटा विषयबाट सुरु गरेर उक्त विषयलाई अन्त्य गर्न सक्नुपर्दछ । परिवर्तन गर्न चाहनेले कहिल्यै पछि हट्नुहुँदैन र कहिले अल्छी गर्नु पनि हुँदैन । यो संसार सक्नेका लागि हो, कसैले कसैलाई टीका लाएर केही पनि दिएको छैन । यो आकाश खुला छ, उड्नेका लागि बाटो खाली छ, पैदलबाट हिँड्नुस् वा गाडीबाट गुड्नुस् वा चुप लागेर घरमा बस्नुस् दुवै बाटो खुल्ला छ । हामीकहाँ जान चाहन्छौं र कसरी यसलाई व्यवहारमा प्रयोग गर्छौं भन्ने कुराको दृष्टिकोण, लक्ष्य र उद्देश्य स्पष्ट हुनुपर्दछ र त्यसैमा तल्लीन भएर लाग्नुपर्दछ । यसैलाई व्यवहारमा उतार्न सक्नुपर्दछ ।

## नेपाली युवाको अवसरका क्षेत्र

हाम्रो देश हरेक हिसाबले उर्वर भूमि हो । यो भूमिमा जे पनि फल्छ र फलाउन सकिन्छ । हिमाल छ, पहाड छ, तराई छ, खेतीयोग्य जमिन छ, पर्यटनस्थल छ, जडीबुटी, जंगल, जल र अनगन्ती नदीनाला छ । त्यस्तैगरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पनि युवासँग गरिने विविध प्रकारका योजना छन् । नेपाली युवाको अवसरका क्षेत्र हामो देश हरेक हिसाबले उर्वर भूमि हो । यो भूमिमा जे पनि फल्छ र फलाउन सकिन्छ । हिमाल छ । पहाड छ । तराई छ । खेतीयोग्य जमिन छ । पर्यटनस्थल छ । जडीबुटी, जंगल, जल र अनगन्ती नदीनाला छन् । त्यस्तैगरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पनि युवासँग गरिने विविध प्रकारका योजना छन् । युवा तथा खेलकुद मन्त्रालयले युवासँग सरोकार हुने राष्ट्रिय युवा नीति, २०६६ जारी गरेको छ ।

राष्ट्रिय युवा नीतिमा युवाका क्षेत्रमा काम गर्ने युवाहरू राजनीतिक क्षेत्रमा आबद्ध युवा, विशेष प्राथमिकता क्षेत्रका युवा, अपांगता भएका युवालाई सहभागी गर्दै लैजाने रणनीति छ । मन्त्रालयले युवा साझेदारी कार्यक्रम, राष्ट्रिय तथा अन्तर ष्ट्रिय युवा अनुभव आदानप्रदान कार्यक्रम, युवा सूचना केन्द्र, स्वरोजगारका लागि तालिम, युवा प्रतिभा सम्मान कार्यक्रम र युवा उत्तरदायी बजेट कार्यक्रममा सहभागी भइरहेको छ । युवा सूचना केन्द्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा गैरसरकारी संघसंस्थासँग मिलेर अगाडि बढाउने कार्यक्रम स्थानीयस्तरसम्म युवाको सञ्जाल बनाउने कार्यक्रम गरिरहेको छ । राष्ट्रको अमूल्य मानव स्रोत र ऊर्जाको भण्डार युवा हो ।

युवा तथा खेलकुद मन्त्रालयले युवासँग सरोकार हुने राष्ट्रिय युवा नीति, २०६६ जारी गरेको छ । राष्ट्रिय युवा नीतिमा युवाका क्षेत्रमा काम गर्ने युवाहरू राजनीतिक क्षेत्रमा आबद्ध, विशेष प्राथमिकता क्षेत्रका युवाहरू, अपांगता भएका युवालाई सहभागी गर्दै लैजाने रणनीति छ । मन्त्रालयले युवा साझेदारी कार्यक्रम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा अनुभव आदानप्रदान कार्यक्रम, युवा सूचना केन्द्र, स्वरोजगारका लागि तालिम, युवा प्रतिभा सम्मान कार्यक्रम र युवा उत्तरदायी बजेट कार्यक्रममा सहभागी भइरहेको छ । युवा सूचना केन्द्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा गैरसरकारी संघसंस्थासँग मिलेर अगाडि बढाउने कार्यक्रम, स्थानीयस्तरसम्म युवाहरूको सञ्जाल बनाउने कार्यक्रम गरी नै रहेको छ । *रासस*

पाठक मञ्च

# 'सानालाई ऐन, ठूलालाई चैन'को पुनरावृत्ति

कसैले कसैलाई आत्महत्या गर्न उक्सायो, ज्यान लिन उक्सायो, राज्य वा व्यक्तिको सम्पत्तिमा क्षति पुऱ्यायो भने कानुनबमोजिम कैद सजाय भोग्नुपर्छ, जरिवाना तिर्नुपर्छ । भदौ २३ गतेको जेन-जी प्रदर्शन र २४ गतेको विध्वंशमा सरकारी र व्यक्तिको सम्पत्तिमा ठूलो क्षति पुगेको छ ।

सरकारी भवनहरू जलाइएको छ भने व्यक्तिको सम्पत्तिमा तोडफोड र आगजनी भएको छ । अर्काको सम्पत्तिमा क्षति पुऱ्याउने, सुरक्षाकर्मीको हातहतियार लुट्नेलगायतका कसुरमा प्रहरीले झण्डै साढे ३०० जनालाई नियन्त्रणमा लिइसकेको छ । अरुको सम्पत्तिमा क्षति पुऱ्याउन पाइँदैन भन्ने कुरा जनतालाई स्पष्ट थाहा छ ।

तैपनि, जानाजान अराजकता मच्चाउने र देशलाई खरानी बनाउने काम गरियो । एकछिनको उग्रताले कैदसँगै क्षति पनि तिर्नुपर्ने भएको छ । सरकारले आन्दोलनको नाममा अपराध मच्चाउनेहरूलाई त पक्राउ गऱ्यो । तर, आन्दोलन आह्वान गर्नेलाई चाहिँ किन छुट ? जेन-जीको नाममा नेता बनिरहेकाहरूले आन्दोलनको आह्वान गरे ।

जनतालाई उक्साए । उनीहरूको उक्साहटमा आएर सरकारी र निजी सम्पत्तिमा आगजनी र तोडफोड गरियो । ती उक्साउने र आन्दोलनमा बोलाउनेलाई कारबाही हुने कि नहुने ? आन्दोलन आह्वान गर्नेहरू अहिले प्रधानमन्त्रीसँग वार्ता गर्दै हिँडेका छन् । आफूहरूलाई जेन-जीको नेता भन्छन् ।

सरकारी बैठकमा पुग्छन् । कोही नेता बनिरहँदा कोहीचाहिँ जेलको चिसो भुइँमा बस्न बाध्य भएका छन् । उनीहरूको परिवार पनि सकियो, जिन्दगी पनि । जेन-जीको नाममा आन्दोलनको आह्वान नगरेको भए, उनीहरू आउँदैनथें । न राज्यको सम्पत्तिमा क्षति हुन्थ्यो न व्यक्तिको । जेन-जीका नेता भनाउँदाले सबैलाई बोलाए, उनीहरू आए, अब जेल जीवन बिताउनुपर्ने भएको छ ।

नेपालको संविधान, २०७२ मा जनताको जनधनको सुरक्षा सरकारले गर्नुपर्ने उल्लेख छ । जनता र सरकारको सम्पत्ति सुरक्षा गर्नका लागि सडकमा सुरक्षाकर्मी छन् । आन्दोलन चर्कियो, नियन्त्रणभन्दा बाहिर गयो भने सुरक्षाकर्मीले आदेशविनै घुँडामुनि गोली चलाउन पाउँछ ।

शान्तिपूर्ण भनिएको भदौ २३ गतेको आन्दोलन एकाएक अनपेक्षित मोडमा गयो । आन्दोलनकारीहरू संसद् भवन प्रवेश गर्न खोजे । सुरक्षाकर्मीले भीडलाई संसद् भवन प्रवेश गर्न रोक्नका लागि गोली चलाए । त्यसपछि आन्दोलन हिंसात्मक र ध्वंशात्मक बन्यो । सुरक्षाकर्मीमाथि कुटपिट, सरकार र व्यक्तिको सम्पत्तिमा तोडफोड र आगजनी गर्ने काम सुरु भयो ।

यदि, नेताले भ्रष्टाचार गरेका छन् भने उनीहरूको सम्पत्ति छानबिन गरेर राष्ट्रियकरण गर्नुपर्छ । उनीहरूलाई कानुनबमोजिम सजाय दिनुपर्छ । तर, त्यस दिन कानुनलाई नै आफ्नो हातमा लिने काम भयो । आन्दोलनकारीहरूले जे-जे भेटे, त्यहींत्यहीं जलाउन थाले । यसले के देखिन्छ भने उनीहरू देशलाई खरानी र राज्यलाई कंगाल बनाउन परिचालित भएका थिए । त्यसदिन भएको खर्बौं क्षतिको भर्पाइ कसले गर्ने ?

पहिले अगाडि आउन डराए, अनि अहिलेचाहिँ बर्खामा च्याउ उम्रेझैं आफूलाई जेन-जीको नेता भन्दै हिँडेका छन् । उनीहरू कसरी जेन-जीको नेता ? आन्दोलन गर्नुअगाडि कहीँ कतै सार्वजनिक नभएकाहरूले एकाएक आफूलाई जेन-जीको नेता भन्न मिल्छ ?

राजनीतिक आन्दोलनको नाममा राज्यको सम्पत्तिमा क्षति पुऱ्याउने र व्यक्तिको ज्यान लिनेलाई कानुनअनुसार सजाय दिने कि छोड्ने ? गम्भीर प्रश्न छ । पर्दाभित्र बसेर आन्दोलन आह्वान गर्नेलाई छोड्ने र उनीहरूको आह्वानमा आउनेलाई मात्र समात्ने हो भने 'सानालाई ऐन, ठूलालाई चैन' फेरि पनि पुष्टि हुन्छ । देशमा हिंसा भड्काउन उक्साउनेहरूलाई पनि कानुनअनुसार कारबाही गर्न आवश्यक छ ।

– अनुसा थापा

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । –*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# तीन वर्षमा बन्नुपर्ने पुल नौ वर्षमा पनि बनेन

**कञ्चनपुर–** जिल्लाका दुई पक्की पुल सम्पन्न हुने चरणमा पुगेका छन् । लामो समयदेखि ढिलाइ हुँदै आएको कृष्णपुर नगरपालिका-१ बंक-बुडर-नायल सडकखण्डमा पर्ने ओदाल खोला पुल र बेदकोट नगरपालिका-६ र ७ लाई जोड्ने मुसेपानी खोलाको पुल निर्माण अन्तिम चरणमा पुगेको हो ।

सडक डिभिजन कार्यालय महेन्द्रनगरका सूचना अधिकारी हरिशप्रसाद जोशीका अनुसार पुल निर्माणका लागि २०७४ जेठ १० गते १५ करोड ४३ लाख रूपैयाँको लागतमा तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरिएको थियो ।

त्यसैगरी, ओदाल खोला पुल निर्माणका लागि २०७३ भदौ १७ गते पाँच करोड ४७ लाख रूपैयाँमा दुई वर्षभित्र सम्पन्न गर्ने सम्झौता भएको थियो । तर, समयमै काम सम्पन्न गर्न नसकेपछि दुवै पुलको म्याद पटक-पटक थपिँदै आएको छ । ओदाल खोलाको पुल तोकिएको समयमा सम्पन्न हुन नसकेकाले ठेकेदार कम्पनीमाथि १० प्रतिशत जरिवाना (हजर्ना) लगाइएको सूचना अधिकारी जोशीले जानकारी दिए । मुसेपानी खोलाको पुलको अन्तिम म्याद भने अहिले २०८२ कात्तिक मसान्तसम्म तोकिएको छ ।

हालसम्म मुसेपानी खोलाको पुलको भौतिक प्रगती ९५ प्रतिशत र ओदाल खोलाको पुलको भौतिक प्रगति ९३ प्रतिशत रहेको छ । 'दुवै पुलको सब-स्ट्रक्चर, सुपरस्ट्रक्चर र तटबन्ध निर्माण पूरा भइसकेको छ,' उनले भने, 'हाल पहुँच मार्ग निर्माण पूरा हुन बाँकी रहेको छ ।'

ओदाल खोलाको पुलको लम्बाइ ४० मिटर र मुसेपानी खोलाको पुलको लम्बाइ १६० मिटर रहेको छ । दुवै पुल आधुनिक प्रि-स्ट्रेस्ड प्रविधिमा निर्माण गरिएका छन् ।

वित्तीय हिसाबले हेर्दा ओदाल खोलाको पुलको प्रगति चार करोड ५२ लाख रूपैयाँ रहेको छ भने त्यसमा १० प्रतिशत हजर्ना असुल उपर गरिएको छ । मुसेपानी खोलाको पुलको वित्तीय प्रगति १३ करोड ३० लाख रूपैयाँ पुगेको छ । ठेकेदार कम्पनीको ढिलासुस्तीका कारण दुवै पुल तोकिएको अवधिभित्र सम्पन्न हुन नसके पनि अहिले तीव्रगतिमा काम भइरहेको जनाइएको छ ।

पुल निर्माणमा ढिलाइ हुँदा स्थानीय बासिन्दा लामो समयदेखि सास्ती खेपिरहेका थिए । विशेषगरी बर्खाको समयमा खोला तर्ने जोखिम बढ्ने र आवतजावतमा कठिनाइ हुने समस्याले जनजीवन प्रभावित हुँदै आएको थियो ।

कृष्णपुर नगरपालिका-१ का स्थानीय बासिन्दा गयाप्रसाद चौधरीले भने, 'वर्षौंदेखि वर्षात्का बेला गाउँसम्म एम्बुलेन्स आउन नपाउँदा बिरामीलाई जोखिम मोल्दै पिठ्युँमा बोकेर खोला तार्नु पर्ने अवस्था थियो, ढिलै भए पनि स्थायी पुल बनेपछि सहज हुने भयो ।'

दुवै पुल सञ्चालनमा आएपछि स्थानीय यातायात, व्यापार र कृषि उत्पादनको ढुवानीमा सहजता आउने अपेक्षा गरिएको छ । यो सँगै बंक-बुडर-नायल सडकखण्ड तथा बेदकोटको मुसेपानी क्षेत्रका बासिन्दाले नदी तर्नुपर्ने लामो समयदेखिको समस्या समाधान हुनेमा आशा व्यक्त गरेका छन् । सडक डिभिजन कार्यालयले बाँकी रहेका पहुँचमार्ग तथा फिनिसिङ कार्य छिटो सम्पन्न गरी दुवै पुललाई चालु आवभित्रै सञ्चालनमा ल्याउने तयारी गरिरहेको जनाएको छ । *रासस*

# अस्पतालकै भवनबाट गाउँपालिकाको सेवा

**सिरहा (प्रस)–** गत भदौ २४ गते भएको 'जेन-जी' प्रदर्शनका क्रममा यहाँको औरही गाउँपालिकाको प्रशासनिक भवनमा आगजनी गरिएकामा सेवा प्रवाहमा समस्या भइरहेको छ । गाउँपालिकाको भवन आगजनीबाट ध्वस्त भएपछि हाल स्थानीय औरही अस्पतालको भवनबाट सेवा सञ्चालन गरी सहजता ल्याउने प्रयास भइरहेको छ ।

कार्यालय सञ्चालनका लागि अर्को विकल्प नहुँदा गाउँपालिकाले अस्पतालको माथिल्लो तला प्रयोग गरेर सेवा प्रवाह भइरहेको गाउँपालिका अध्यक्ष शिवजी यादवले बताए । उनका अनुसार नयाँ भवन निर्माणाधीन रहेकाले तत्कालका लागि अस्पतालमा नै कार्यालय सञ्चालन गर्नुपर्ने बाध्यता आएको हो ।

अध्यक्ष यादवले भने, 'पुरानो भवन कामै नलाग्ने गरी ध्यस्त भयो । हाल अर्को विकल्प नहुँदा अस्पतालसँग सहकार्य गरेर काम गरिरहेका छौं । गत वर्षदेखि निर्माण सुरु गरिएको नयाँ प्रशासकीय भवन यसै आर्थिक वर्षभित्र सम्पन्न गर्न द्रुतगतिमा काम गर्न लगाएका छौं ।' उनका अनुसार सात करोड ९४ लाख १८ हजार रूपैयाँ लागतमा नयाँ भवन निर्माणको काम भइरहेको छ ।

अस्पताल र गाउँपालिका एउटै भवनमा सञ्चालन हुन थालेपछि बिरामीले पाउनुपर्ने स्वास्थ्य सेवामा समस्या भइरहेको छ भने अर्कातर्फ गाउँपालिका कार्यालयका कर्मचारीलाई पर्याप्त स्थान अभावका कारण प्रशासनिक काम गर्न कठिनाइ भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवशरण यादवले बताए ।

हाल अस्पतालको माथिल्लो तलामा गाउँपालिकाको प्रमुख प्रशासकीय कक्षसहित शिक्षा र स्वास्थ्य शाखा सञ्चालनमा छन् । कोठा अभावका कारण अस्पतालकै माथिल्लो तलामा रहेको न्यायिक समितिको हलमै अध्यक्ष र उपाध्यक्षको कार्यकक्ष व्यवस्थापन गरिएको छ । कृषि, राजस्व र पशु शाखा भने कृषि तथा पशुपन्छी सेवा केन्द्रको छुट्टै भवनबाट सञ्चालन भइरहेको छ ।

अस्पताल प्रमुख उपेन्द्र यादवले गाउँपालिकाको प्रशासनिक कामकाज सञ्चालन हुन थालेपछि अस्पतालका नियमित सेवाहरू प्रभावित भएको बताए । उनले भने, 'गाउँपालिकाका सेवाग्राहीको भीडभाडले गर्दा बिरामीलाई स्वास्थ्य सेवा दिन असहज भइरहेको छ । कोठा अभावमा बहिरंग सेवा, प्रसूति सेवा र अस्पतालको प्रशासनिक कामकाज प्रभावित भएकाले नियमित स्वास्थ्य सेवा दिन समस्या देखिएको छ ।'

१५ शयचा क्षमताको अस्पतालमा हाल पाँच शयचामात्रै सञ्चालनमा छन् । दैनिक १०० हाराहारी बिरामी उपचारका लागि आउने गरेकाले भीडभाडका कारण स्वास्थ्यकर्मीलाई सेवा प्रवाह गर्न थप चुनौती देखिएको अस्पताल प्रशासनले जनाएको छ ।

# हिंसापीडितका लागि सहारा बन्दै एकद्वार संकट व्यवस्थापन केन्द्र

**झापा (प्रस)–** लैंगिक हिंसाबाट पीडितका लागि भद्रपुरमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र यहाँ प्रभावकारी बन्दै गएको छ । सबैखालका हिंसापीडित महिला तथा बालबालिकालाई एउटै स्थानबाट उद्धार, उपचार, सुरक्षा, न्याय, पुनर्वास, परामर्शलगायतका सेवा प्रदान नि:शुल्क गर्नका लागि केन्द्रको स्थापना भएको हो । प्रादेशिक अस्पताल भद्रपुरमा यो सेवा उपलब्ध छ ।

अस्पतालमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रबाट आर्थिक वर्ष २०८१/८२ मा १४७ जना हिंसापीडितले सेवा प्राप्त गरेको केन्द्रकी फोकल पर्सन निलुशा शाक्यले बताइन् । सेवा पाएकामध्ये १०४ जना जबरजस्ती करणीसम्बन्धी हिंसाका पीडित महिला रहेका छन् । घटनाका पीडकहरू १९ देखि ४९ वर्ष उमेर समूहको रहेकोसमेत उनले जानकारी दिइन् ।

'लैंगिक हिंसा, घरेलु हिंसा, बलात्कार, यौन शोषण, मानव बेचबिखन, जबर्जस्ती विवाहलगायतका घटनाका पीडितहरूले एकै ठाउँबाट सेवा पाउन सकुन् भनेर सरकारले केन्द्र सञ्चालनमा ल्याएको हो,' फोकल पर्सन शाक्य भन्छिन्, 'पीडितले यहाँबाट आवश्यक सेवा एकै ढोकाबाट पाउँछन् । विभिन्न निकाय धाइरहनु पर्दैन ।'

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सहकार्यमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र झापाका दुई अस्पतालसहित कोशी प्रदेशको १८ वटा अस्पतालमा रहेको छ ।

प्रादेशिक अस्पताल भद्रपुरका मेडिकल सुपरिटेण्डेन्ट डा. मनोजकुमार साहले केन्द्रमार्फत स्वास्थ्य तथा चिकित्सकीय सेवा, कानुनी उपचार सेवा, मनोसामाजिक परामर्श, सुरक्षित आवास गृह र पुनर्स्थापना सेवा प्रदान भइरहेको बताए । फोकल पर्सन शाक्यका अनुसार केन्द्रको संरचनामा प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहने र सरोकारवाला सरकारी निकाय एवम् महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने सामाजिक संस्थाका प्रतिनिधि सदस्य रहने व्यवस्था छ भने जिल्ला समन्वय समितिका प्रमुख अध्यक्ष र स्थानीय तहका उपप्रमुख/उपाध्यक्ष सदस्य रहनेगरी सल्लाहकार समिति रहने प्रावधान छ ।

केन्द्रले आव २०८१/८२ मा विभिन्न शीर्षकमा ११ लाख ४४ हजार रूपैयाँ खर्च गरेको र आव २०८२/८३ का लागि १५ लाख ९५ हजार रूपैयाँको बजेट पारित गरेको शाक्यले जानकारी दिइन् । प्रादेशिक अस्पताल भद्रपुरमा विगत सात वर्षदेखि केन्द्र सञ्चालनमा रहेको छ ।


## कुवेतमा रोजगार

कम्पनी : KUWAIT SWEDISH CLEANING SERVICES CO

पूर्व स्वीकृति मिति : २०८२/०७/२० | LT. No. 333399 | चलानी नं.६०२४७०५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 80 | 0 | 85 | ३९,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DAINON GENERAL TRADING CO.W.L.L

पूर्व स्वीकृति मिति : २०८२/०७/२० | LT. No. 333324 | चलानी नं.६०२४७०६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 8 | 0 | 110 | ५०,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Operator - Forklift | 2 | 0 | 150 | ६९,३२५ | | | | | | | |

कम्पनी : SAFIR INTERNATIONAL HOTEL MANAGEMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/२० | LT. No. 333400 | चलानी नं.६०२४७०६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 15 | 0 | 135 | ६२,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Indoor Cleaners | 30 | 10 | 85 | ३९,२८५ | | | | | | | |
| 3 | Tea Boy / Office Boy | 17 | 0 | 110 | ५०,८४० | | | | | | | |
| 4 | Supervisor | 5 | 0 | 180 | ८३,१९० | | | | | | | |
| 5 | Messenger/reporter | 11 | 0 | 120 | ५५,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २८ गते (14th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. 1543/078/079

**Index Recruitment Pvt. Ltd.**
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## कोशी अस्पताल

बिराटनगर, मोरङ

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति: २०८२/०७/२१

यस अस्पतालबाट तपशिल बमोजिको सूचना प्रकाशन गरी विद्युतिय बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयावधीभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल अनुसारका बोलपत्रदाता न्यूनतम मूलयांकितत सारभुत रुपमा प्रभावग्राही भई छनौट भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| सि.न. | ठेक्का नं. | ठेक्काको नाम | स्वीकृत हुने बोलपत्रदाताको नाम | कबोल अंक मु.अ.कर सहित रु. |
|---|---|---|---|---|
| १. | KH/NCB/ G-04/2082-83 | Supply and Delivery of Air Conditioner & Freeze | Ventures International Biratnagar | 2,325,059.75 |
| २. | KH/NCB/M 02/2082-83 | Supply and Delivery of Liquid Oxygen | Madhu Oxygen Industry Pvt. Ltd Parsa | 3,686,767.20 |

प्रमुख मेडिकल सुपरिटेण्डेण्ट



## Barju Rural Municipality
## Office of Rural Municipal Executive

**Amahibelha, Sunsari**
**Koshi Pradesh, Nepal**

### Invitation for Bids for the as per table below

**Contract Identification No: BRM/SUNSARI/SQ/GOODS/1/2082/83**
**Date of publication: 06-11-2025**

1. **Barju Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the Procurements of Office essential and consumable**.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Barju Rural Municipality, Amahibelha, Sunsari. or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: NIC Asia Bank Limited. Barju Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.:**2432050027873004**
   Rajaswa (revenue) Shirshakno. :AANTRIKRAJASWA KHATA-BARJU GAUPALIKA
4. Pre-bid meeting shall not be held.
5. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 PM, 21st Nov 2025** at the office of Barju Rural Municipality Amahibelha, Sunsari. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for **30 days** beyond the validity period of the bid. Or cash deposit the bid security amount.

   Name Of the bank :NIC Asia Bank Limited. Inaruwa Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: **243CA50017628005**
   **Account Name : DHARAUTI KHATA-BARJU GAUNPALIKA**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Name of Project | Contract Id. No. | Total Estimate Amount (Excluding VAT & Contingencies) | Bid Security Amount NRs. | Bid Document Amount(NRs.) |
|---|---|---|---|---|---|
| 1 | Procurements of Office essential and consumable | BRM/SUNSARI/ SQ/GOODS/1/2082/83 | **1324390.5** | 38000.00 | 1,000.0 |

**Chief Administrative Officer**



## साउदीमा रोजगार

कम्पनी : ABDUL KARIM FAHD Al-AISAWYAN TRADING EST

पूर्व स्वीकृति मिति : २०८२/०५/११ | LT. No. 333233 | चलानी नं. ६०२४७०२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Clean and Lubrication Labou | 1 | 0 | 1200 | ४५,४१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २८ गते (14th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**SKY BLUE H.R. SOLUTION PVT.LTD**
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65,
Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

## साउदीमा रोजगार

कम्पनी : AL ALIA FACILITY MANAGEMENT

पूर्व स्वीकृति मिति : २०८२/०७/१८ | LT. No. 333303 | चलानी नं. ६०२४७०२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 0 | 33 | 1200 | ४५,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २८, २९ र ३० गते (14/15/16 Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Ishan Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273, E-mail : maniishannepal@gmail.com

## साउदी/कतामा रोजगार

कम्पनी : KALPATARU PROJECTSINTERNATIONAL LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०७/२० | LT. No. 333405 | चलानी नं. ६०२४७०४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 20 | 0 | 1000 | ३७,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GREAT SUPREME SHINE CLEANING HOSPITALITY & CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/१२/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२० | LT. No. 320761 | चलानी नं. ६०२३४८७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1900 | ७४,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २८ गते (14th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## कुवेत/साउदीमा रोजगार

कम्पनी : NAMOS SPA BEAUTY SALON COMPANY.

पूर्व स्वीकृति मिति : २०८०/१०/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२० | LT. No. 298585 | चलानी नं. ६०२१३५४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Technician/hair Dresser | 0 | 2 | 140 | ६४,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure Pedicure/massage Therapist | 0 | 2 | 140 | ६४,७०५ | | | | | | | |

कम्पनी : GULF BUSINESS HOUSE COMPANY FOR GENERAL TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२० | LT. No. 310333 | चलानी नं. ६०२२४९५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 14 | 2 | 95 | ४३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver Nepali License | 3 | 0 | 140 | ६४,७०५ | | | | | | | |
| 3 | Security Guard/guard | 7 | 0 | 130 | ६०,०८० | | | | | | | |

कम्पनी : MAKSAF AL BALAD

पूर्व स्वीकृति मिति : २०८२/०७/२० | LT. No. 333414 | चलानी नं. ६०२४७०६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 0 | 2250 | ८५,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook General | 2 | 0 | 2650 | १००,२९५ | | | | | | | |
| 3 | Restaurant Manager | 2 | 0 | 3750 | १४१,९३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २८ गते (14th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

रूपशाला

## निरजको 'आकाशैको छड्के पानी'सार्वजनिक

गायक तथा सङ्गीतकार निरज नकर्मीको स्वर, सङ्गीत र शब्द रहेको 'आकाशैको छड्के पानी' बोलको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । सबिना राउतको मुख्य अभिनय रहेको म्युजिक भिडियो वान डे ड्रिम क्वेस्ट स्टुडियो युट्युब मार्फत सार्वजनिक गरिएको हो । निरज नकर्मीको यो गीतमा राजेन्द्र वाइबाको सङ्गीत संयोजन, महेश्वर मान राजभण्डारीको मिक्सिङ र मास्टरिङ रहेको छ ।




# मंसिर १८ गतेबाट प्रदर्शन हुँदै 'अभिमन्यु : च्याप्टर-१'

■ प्रभाव संवाददाता




**काठमाडौं–** चलचित्र 'अभिमन्यु : च्याप्टर-१'ले रिलिज डेट लक गरेको छ । निर्माणपक्षका अनुसार अब यो चलचित्र मंसिर १८ गते रिलिज हुनेछ ।

पटकपटक प्रदर्शन मिति तय गरेर पनि स्थगन भएको चलचित्रले नयाँ पोस्टर सार्वजनिक गर्दै नयाँ प्रदर्शन मिति तय गरेको हो । जेनजी आन्दोलन, बाढी पहिरो तथा अन्य चलचित्रको बाक्लो लाइनअपका कारण यो सिनेमा यसअघि पूर्वनिर्धारित मितिमा प्रदर्शन हुन सकेको थिएन ।

नयाँ पोस्टरमा चलचित्रका अधिकांश कलाकारलाई देख्न सकिन्छ । पोस्टरमा कामेश्वर चौरसिया, सरिता गिरी, किरण श्रेष्ठ, लक्ष्मी बर्देवा, गौमाया गुरुङ, प्रकाश दाहाल र शिशिर वाङ्देललाई देख्न सकिन्छ । जसलाई क्यारेक्टर पोस्टरमा फिचर्ड छन् ।

'हामीले अब मंसिर १८ गते प्रदर्शनमा आउने निर्णय गर्‍यौं,' निर्माता विनोद पौडेलले भने, 'सबैको सल्लाह र सुझाव अनुसार यो मितिमा आउने निर्णय गरेका हौं ।' उनले सबैको सहयोगका अपेक्षा समेत गरेका छन् ।

चलचित्र 'अभिमन्यु : च्याप्टर १'को मुख्य भूमिकामा कामेश्वर चौरसिया, सरिता गिरी, किरण श्रेष्ठ, लक्ष्मी बर्देवा, गौमाया गुरुङ, प्रकाश दाहाल, शिशिर वाङ्देलगायत कलाकार मुख्य भूमिकामा छन् ।

सुशान्त गौतमले निर्देशन गरेको 'अभिमन्यु : च्याप्टर १'को क्रिएटिभ निर्देशक मदन थापा छन् । यस चलचित्रमा मुकेश खनालको लेखन रहेको छ । 'अभिमन्यु : च्याप्टर १'का निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन् । रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्माता रहेको चलचित्रका कार्यकारी निर्मातामा विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठ रहेका छन् । यो सिनेमाको लाइन प्रोड्युसरमा जीवन शाक्य रहेका छन् ।

शरद महतोको डिओपी रहेको यस चलचित्रमा मनोज श्रेष्ठको भिएफएक्स, जुनिम गहतराजको रंग संयोजन, मदन घिमिरेको सम्पादन रहेको छ ।

# सुशीलले 'पाँच पाण्डव' बनाउने

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेता हरिवंश आचार्यलाई लिएर नयाँ चलचित्र 'पाँच पाण्डव' निर्माण हुने भएको छ । सुशील पौडेलको लेखन तथा वसन्त निरौलाको निर्देशनमा तयार हुने उक्त चलचित्रको हालै मुहूर्त गर्दै निर्माण घोषणा गरिएको हो ।

उनले चलचित्रको नाम धार्मिक सुनिए पनि कथा सामाजिक विषयवस्तुमा निर्माण भएको जानकारी दिए । निर्देशक निरौलाले भने, 'हामीले पाँच जना दाजुभाइको कथालाई लिएर चलचित्र तयार गर्दैछौं । यसको विषयसँग मिल्दो भएकाले पाँच पाण्डव नाम राखिएको हो । यसले मनोरञ्जनसँगै सामाजिक सन्देश पनि प्रवाह गर्नेछ ।'

उनले चलचित्रमा अभिनेता आचार्यसँगै सीताराम कट्टेल (धुर्मुस), जितु नेपाल र सागर लम्साल (बले), दीपाश्री निरौला, रजनी गुरुङलगायतको अभिनय रहने जानकारी दिए । छायांकन अगाडि अन्य कलाकारको परिचय मिडियामा गराउने निर्देशक निरौलाले बताए ।

कालीरानी फिल्म्सको प्रस्तुतिमा बन्ने चलचित्रका निर्माता नवीन श्रेष्ठ हुन् । 'पाँच पाण्डव'ले हिन्दू महाकाव्य महाभारतका केन्द्रीय पात्र पाँच पाण्डवलाई आधुनिकता राखेर चलचित्रमा प्रस्तुत गरिने लेखक पौडेलले जानकारी दिए ।


## Barju Rural Municipality
## Office of Rural Municipality Executive
### Amahibelha, Sunsari

### Invitation for Electronic Bids

**Date of publication: 7th Nov 2025**

1. Barju Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Procurement of
   A. CONSTRUCTION OF BLACKTOPPED ROAD FROM JAGDISH MEHTA HOUSE TO KOLHARUWA FIELD
   B. CONSTRUCTION OF RCC ROAD FROM MILANCHOWK DEKHI PASCHIM SHIBU SHARMA KO GHAR UTTAR MAGARDAH HUDAI PURBA NERA MABI SCHOO HUDAI DHADI KRISHI SADAK JODNE BATO RA LINK BATO.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Barju Rural Municipality, Amahibelha, Sunsari. or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp.. Bidders, submitting their bid should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids till 08th Dec 2025 ,12 PM . Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC Asia Bank Limited. Barju Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: 2432050027873004
   Rajaswa (revenue) Shirshakno. : AANTRIKRAJASWA KHATA-BARJU GAUPALIKA
4. Pre-bid meeting shall be held on 27-11-2025, 12:00 at Barju Rural Municipality Office
5. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM, 08-12-2025 at the office of Barju Rural Municipality Amahibelha, Sunsari. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bid. Or cash deposit the bid security amount.
   Name Of the bank :NIC Asia Bank Limited.
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: 243CA50017628005
   Account Name : DHARAUTI KHATA-BARJU GAUNPALIKA
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bid without assigning any reason, whatsoever.

| S.N. | Name of Project | Contract Id. No. | Total Estimate Amount NRs Excluding Vat And Contingencies | BidSecurity Amount NRs. | Bid Document Amount(NRs.) |
|---|---|---|---|---|---|
| 1 | Construction Of Blacktopped Road From Jagdish Mehta House To Kolharuwa Field | Brm/Sunsari/Ncb/Works/02/2082/83 | 92,40,429.419 | 2,70,000.00 | 3,000.00 |
| 2 | Construction Of Rcc Road From Milanchowk Dekhi Paschim Shibu Sharma Ko Ghar Uttar Magardah Hudai Purba Nera Mabi School Hudai Dhadi Krishi Sadak Jodne Bato Ra Link Bato. | Brm/Sunsari/Ncb/Works/4/2082/83 | 1,58,08,455.73 | 4,60,000.0 | 3,000.00 |

**Chief Administrative Officer**


रंगशाला

# 'ए' डिभिजनको माग गर्दै खेलाडीहरू प्रदर्शनमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालका फुटबल खेलाडीहरूले ए डिभिजन लिग सञ्चालन नगर्ने अखिल नेपाल फुटबल संघ (एन्फा)र क्लबहरूको कार्यशैलीप्रति आन्दोलित भएका छन् । नेपाली फुटबलको वर्तमान अवस्था प्रति गम्भीर चासो व्यक्त गर्दै खेलाडी र समर्थकले एन्फा कम्प्लेक्स सातदोबाटोमा धर्ना दिएका हुन् ।

विभिन्न बहानामा ए डिभिजन लिगलाई रोक्ने काम भएको र यसले नेपाली फुटवललाई नै असर गरेको भन्दै उनीहरूले बिहीबार एन्फा कम्प्लेक्स सातदोवाटोमा धर्ना दिएका हुन् । उनीहरूले छिटो भन्दा छिटो ए डिभिजन लिगलाई अघि बढाउन माग गरेका छन् । एन्फा र ए डिभिजन क्लबहरूबीच यो वर्ष ए डिभिजन लिग नगरी राष्ट्रिय लिग मात्र गर्ने सहमति भएपछि खेलाडीहरू विरोधमा उत्रिएका हुन् । उनीहरूले आफूहरूले जितेको मेडलसमेत एन्फालाई उपहार दिएको भन्दै एन्फाको गेटमा झुण्डाइ दिएका छन् । नियमित लिग नहुँदा खेलाडी मारमा परेको र नेपाली फुटबल ओरालो लागेको उनीहरूको भनाइ छ ।

एन्फाको वर्तमान नेतृत्वका कारण खेलाडीहरूको भविष्य र नेपाली फुटबलको समग्र विकासमा नकारात्मक असर पारेको उनीहरूले नेतृत्व परिवर्तनको माग गरेको छन् । धर्नामा सहभागी फुटबल खेलाडी अञ्जन बिष्टले नेपालमा फुटबलको भविष्य राम्रो नहुँदा खेलाडीहरू देश छाड्न बाध्य भएकाले यस्तो अवस्था आउन नदिन सवै गम्भीर हुनुपर्ने बताए । त्यस्तै फुटबल खेलाडी रोहित चन्दले फुटबल गतिविधि चलायमान हुनुपर्ने र नयाँ खेलाडीलाई स्वदेशमा नै अवसर दिनुपर्ने बताए ।

त्यस्तै फुटबल खेलाडी विराज महर्जनले फुटवल गतिविधिलाई निरन्तरता दिनका लागि प्रदर्शनमा उत्रनुपर्ने अवस्था आउनु दुखद भएकाले एन्फाले ध्यान दिनुपर्ने धारणा राखे । धर्नामा सहभागीहरूले मैदान भित्र र बाहिर फेयर प्ले, फुटबलमा क्यालेन्डर होइन, मैदान चाहियो, एन्फा जाग लगाएत लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए । ए डिभिजन लिग आगामी वर्षको पुसमा गर्ने निर्णय गरेपछि खेलाडी र समर्थकहरूले विरोध गरेका हुन् ।

# 'रेफ्री' र 'कोच' प्रशिक्षण सुरु

■ प्रभाव संवाददाता

**दोधारा चाँदनी–** जिल्लाको दोधारा चाँदनीमा फुटबल 'रेफ्री' र 'कोच'को प्रशिक्षण सुरु भएको छ । कञ्चनपुर जिल्ला फुटबल सङ्कको आयोजना र दोधारा चाँदनी नगरपालिकाको आर्थिक सहयोग एवं अखिल नेपाल फुटबल सङ्घ (एन्फा)को प्राविधिक सहयोगमा प्रशिक्षण सुरु भएको हो ।

जिल्ला फुटबल सङ्घका अध्यक्ष गणेशबहादुर चन्दले देशभरि फुटबल प्रतियोगिता बढेपछि रेफ्री र कोचको अभावलाई मध्यनजर गरी प्रशिक्षण सञ्चालन गरिएको बताए । उनका अनुसार सुदूरपश्चिम र लुम्बिनी प्रदेशबाट ३४ प्रशिक्षार्थी सहभागी भएका छन् । मङ्गलबारदेखि सुरु भएको एक साताको प्रशिक्षणमा सैद्धान्तिक र प्रयोगात्मक दुवै विधिबाट प्रशिक्षण हुनेछ ।

खेलकुद विकास समिति कञ्चनपुरका सदस्य विकास महताले स्थानीयस्तरमा फुटबलको 'क्रेज' बढ्दै गएको र प्रशिक्षणले फुटबल खेलको विकासमा महत्त्वपूर्ण टेवा पुग्ने बताए ।

अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा) का पूर्वसहायक रेफ्री रोजन श्रेष्ठले प्रशिक्षण दिइराखेका छन् । प्रशिक्षणमा १८ देखि ३५ वर्षसम्मका खेलाडी र पूर्वखेलाडी सहभागी छन् ।

# बिहारमा मतदानः प्रधानमन्त्री मोदीका लागि 'लोकप्रियताको परीक्षा'

**पटना (भारत)–** भारतको पूर्वी राज्य बिहारमा बिहीबार भएको विधानसभा निर्वाचनलाई प्रधानमन्त्री नरेन्द्र मोदीका लागि राजनीतिक 'लोकप्रियताको परीक्षा'का रूपमा हेरिएको छ ।

देशको प्रभावशाली राज्यहरूमध्ये एक बिहारमा भएको यो निर्वाचनले मोदीको नेतृत्वमा रहेको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) को प्रभाव र जनसमर्थन कति मजबुत छ भन्ने संकेत गर्ने अपेक्षा गरिएको छ । दुई चरणमा सम्पन्न मतदानअन्तर्गत २४३ सिटका लागि बिहारभरका मतदान केन्द्रहरूमा लाखौं मतदाताहरू लामबद्ध भएर मतदान गरिरहेका छन् ।

बेरोजगारी, कानुन र व्यवस्थाको समस्या तथा मतदाता सूची संशोधनमा देखिएको अनियमिततासम्बन्धी सार्वजनिक असन्तुष्टिका बीच सम्पन्न यो निर्वाचनको परिणाम नोभेम्बर १४ मा सार्वजनिक गरिने छ । परिणामले मोदीको नेतृत्वमा रहेको एनडिएले आफ्नो प्रभुत्व कायम राख्न सक्छ वा शासन र अर्थतन्त्रका प्रश्नमा असन्तुष्ट जनताले विपक्षी गठबन्धनलाई समर्थन जनाउँछन् भन्ने संकेत गर्ने छ ।

मोदीका लागि बिहारको राजनीतिक अर्थ

बिहारलाई लामो समयदेखि भारतको राजनीतिक 'अग्रदूत' अर्थात् राजनीतिक रुझान बताउने राज्यका रूपमा हेरिन्छ । यही कारणले यो चुनाव प्रधानमन्त्री मोदीका लागि अत्यन्तै महत्त्वपूर्ण ठहरिएको हो ।



सन् २०२९ को आम निर्वाचन र त्यसअघि हुने उत्तर प्रदेश, पश्चिम बंगाल तथा असमका राज्य चुनावहरूलाई ध्यानमा राख्दै मोदीले बिहारमा जितद्वारा आफ्नो राजनीतिक गति कायम राख्ने प्रयास गरिरहेका छन् । बिहारले भारतीय संसद्को तल्लो सदनमा ४० जना सांसद पठाउँछ । यसकारण यहाँको जितले मोदीको संघीय गठबन्धनलाई बलियो बनाउने छ भने हारले विपक्षी दलहरूलाई नयाँ ऊर्जा प्रदान गर्न सक्छ ।

नयाँदिल्लीका राजनीतिक विश्लेषक सिद्धार्थ मिश्राले भने, 'यो चुनाव केवल गठबन्धनका लागिमात्र होइन, सत्ता समीकरणका लागि निर्णायक छ । यदि मोदीको नेतृत्वमा रहेको एनडिए असफल भयो भने त्यसले केन्द्रमा रहेको उहाँको सरकारको स्थायित्वमा पनि प्रश्न उठाउन सक्छ ।'

गत वर्षको संघीय चुनावमा भाजपाले पूर्णबहुमत नपाएपछि जनता दल (युनाइटेड) र लोक जनशक्ति पार्टी (रामविलास) सँग मिलेर सरकार गठन गरेको थियो । यी दलहरू अहिले बिहारमा पनि मोदीका प्रमुख साझेदारका रूपमा रहेका छन् ।

## विपक्षी दलहरूको चुनौती र मतदाता असन्तुष्टि

बिहारमा सत्तारूढ गठबन्धनको नेतृत्व जनता दल (युनाइटेड) का मुख्यमन्त्री नितिश कुमारले गरेका छन् । जनता दल (युनाइटेड) प्रमुख सहयोगी दल भारतीय जनता पार्टी (भाजपा) हो । ७४ वर्षीय कुमार करिब दुई दशकदेखि राज्यको नेतृत्वमा रहँदै आएका छन् । उनलाई राज्यको पूर्वाधार विकास र कानुन व्यवस्थामा सुधारको श्रेय दिइन्छ ।

एक समय मोदीका राजनीतिक प्रतिद्वन्द्वी रहेका कुमार पछिल्ला वर्षहरूमा पुनः एनडिएमा फर्किएका हुन् । राजनीतिक विश्लेषकहरूले भनेका छन्, 'यदि बिहारमा एनडिए पराजित भयो भने, कुमारको दलभित्र विभाजन हुने सम्भावना बढ्ने छ र त्यसले मोदी सरकारको संघीय स्थायित्वमा पनि असर पार्न सक्छ ।'

नयाँदिल्लीका राजनीतिक विज्ञ प्राध्यापक रवि रञ्जनका अनुसार यो चुनावले बिहारको नेतृत्वमात्र नभई, संघीय सत्ता सन्तुलनलाई समेत प्रभावित गर्न सक्छ । विपक्षमा कांग्रेससँग गठबन्धन गरेको राष्ट्रिय जनता दल (राजद) चुनावी मैदानमा छ । *रासस/एपी*

# दिल्लीमा बढ्दो वायु प्रदूषणका कारण श्वासप्रश्वासजन्य रोगको उच्च जोखिम

**नयाँदिल्ली–** दिल्लीमा वायु प्रदुषणका कारण श्वासप्रश्वासजन्य रोगहरू जस्तै रूघा खोकी, दम र आँखाबाट पानी बग्ने, नाक बग्नेजस्ता रोगहरूबाट पीडित बिरामीहरूको संख्यामा उल्लेखनीयरूपमा वृद्धि भएको दिल्लीका चिकित्सकहरूले बिहीबार बताएका छन् ।



मिडियाका अनुसार भारतको नयाँ दिल्लीका अस्पतालहरू विगत केही दिनदेखि त्यस्ता बिरामीहरूले भरिएका छन् । दिल्लीको दक्षिणी भागमा धुवाँको तह बढ्दै गएपछि बिहीबार दिल्लीका धेरै क्षेत्रहरूमा वायु गुणस्तर सूचकांक 'खराब' श्रेणीमा रहेएको जनाइएको छ ।

वायु प्रदूषण नियन्त्रण गर्न सरकारले रुख तथा 'सडकमा पानी छर्कने दिल्लीको शान्ति पथ क्षेत्रमा स्ट्रिटलाइटका खम्बाहरूमा वाटर मिस्ट स्प्रेयरहरू जडान गर्ने' जस्ता विभिन्न उपायहरू गरिरहेको जनाइएको छ । प्रेस ट्रस्ट अफ इण्डियाको एक अनलाइनका अनुसार 'दिल्लीमा प्रदुषित र विषाक्त धुवाँको तह बढ्दै गएका कारण डाक्टरहरूले आँखाको समस्यामा ६० प्रतिशतले वृद्धि भएको रिपोर्ट गरेका छन् । डाक्टरहरूले प्रदुषित धुवाँ फोक्सोका लागिमात्र नभई आँखाका लागि पनि हानिकारक हुने चेतावनी दिएका छन् ।'

दिल्लीस्थित राममनोहर लोहिया अस्पतालमा मेडिसिनका प्राध्यापक पुलिनकुमार गुप्ताले आफू काम गर्ने अस्पतालमा वायु प्रदूषणसम्बन्धी रोगबाट पीडित बिरामीहरूको संख्या २२-२५ प्रतिशत रहेको बताएका छन् । वायु प्रदूषणका कारण दिल्लीका बासिन्दाहरू प्रभावित भएको उल्लेख गर्दै बालबालिका र वृद्धहरू सबैभन्दा धेरै जोखिममा रहेको डाक्टरहरूले बताएका छन् । उनीहरूले दिल्लीका बासिन्दाहरूलाई सकेसम्म बाहिरी गतिविधिमा संलग्न नभई अत्यावश्यक कार्यहरू घरभित्रै बसेर गर्न सल्लाह दिएका छन् । *रासस/सिन्ह्वा*

---

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**कोशी अस्पताल**
**बिराटनगर, मोरङ**

## बोलपत्र आह्वानको सूचना

**पुनः प्रकाशित मितिः २०८२/०७/२१**

यस अस्पताललाई आवस्यक तपशील बमोजिमको विद्युतीय बोलपत्र आह्वान गरिएकोछ। बोलपत्र सम्वन्धी विस्तृत विवरण सार्वजनिक खरिद अनुगमनको कार्यालयको website: www.bolpatra.gov.np/egp बाट जानकारी लिन सकिनेछ ।

**तपशिलः**

| बोलपत्र | बोलपत्र को नाम | बोलपत्र जमानत रु. | बोलपत्र शुल्क | बोलपत्र को प्रकार |
|---|---|---|---|---|
| KH/NCB/G-01/2082-83 | Supply & Delivery of Cleaning Items | 166000 | 3000 | Package Wise |
| KH/NCB/G-05/2082-83 | Supply & Delivery of Computer, Printer CCTV and related items | 99000 | 3000 | Package Wise |
| KH/NCB/G-06/2082-83 | Supply & Delivery of Hardware Items | 77000 | 3000 | Package Wise |
| KH/NCB/G-07/2082-83 | Supply & Delivery of Electric Items | 74000 | 3000 | Package Wise |

**प्रमुख मेडिकल सुपरिन्टेन्डेट**

---

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Panchasorna Group Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालबस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | BOSS | BOSS NP132 90CM MATT BLACK | N/A | CHINA | PCS | 22,275.00 | 28,775.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | BOSS | BOSS NP133 90CM GRIT BLACK | N/A | CHINA | PCS | 21,000.00 | 27,300.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | BOSS | BOSS NP134 75CM MATT BLACK | N/A | CHINA | PCS | 13,815.00 | 18,415.00 | |
| 4 | RANGEHOOD CHIMNEY | N/A | BOSS | BOSS NP 135 60CM MATT BLACK | N/A | CHINA | PCS | 11,800.00 | 16,000.00 | |
| 5 | RANGEHOOD CHIMNEY | N/A | BOSS | BOSS NP 118 90CM MATT BLACK | N/A | CHINA | PCS | 17,350.00 | 23,050.00 | |

Panchasorna Group Pvt. Ltd. — स्थायी लेखा नं: 606749170
ठेगाना: Pepsikola-32, Kathmandu, Nepal — फोन नं: 9801171012

---

**रौतामाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भुट्टार, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२।०७।२१**

यस कार्यालयको मिति २०८२।०६।०८ को "Bhuttar-Salthumka- Lafagau-Chanaute Sadak, Rautamai Gaupalika-2, Udayapur" सम्बन्धी ठेक्काको बोलपत्र आह्वानको प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेख भएका बोलपत्र न्यूनतम् मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | बोलपत्र ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल गरेको रकम (PS र भ्याट सहित) |
|---|---|---|---|---|
| १. | RRM/NCB/ Works/10/2082-083 | Bhuttar-Salthumka- Lafagau-Chanaute Sadak, Rautamai Gaupalika-2, Udayapur | eegal construction pvt.ltd, Triyuga-11, Udayapur | रु.४२,०९,२३४।५७ |

**प्रमुख प्रशासकीय अधिकृत**

---

# Galchhi Rural Municipality
# Office of the Rural Municipal Executive

Baireni, Dhading
Bagmati Province, Nepal

## INVITATION FOR BIDS

**Date of publication: 2082-07-21 (7th November, 2025)**

Galchhi Rural Municipality, Baireni, Dhading invites online bids only under e-procurement system from eligible bidders for the construction of Projects mentioned below under National Competitive Bidding: Single Stage Single Envelope Bidding procedures. All other information may be obtain at office and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid as per instructions on or before ***[12:00 AM]*** on ***[2082/08/22 (8th Dec, 2025]***. Bids received after this deadline will be rejected. **(Multiple Contracts not Applicable.)**

| Name of Project | Contract ID | Estimated Cost in NRs. (Including VAT & PS) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| EK GHAR EK DHARA GALCHHI 8 | GRM/WORKS/NCB/ 082-83/15 | 24,99,965.35 | 3,000.00 | 65,000.00 |

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank : **Global IME Bank Ltd.**
Name of Office : **Galchhi Rural Municipality**
Account Name : **Galchhi Rural Municipality**
Office Account no (Rajaswa). : **8104010000004**

All information regarding the above mentioned can be obtained from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office.

**Chief Administrative Officer**

---


## ओमनमा रोजगार

कम्पनी : BARIQ AL AMAL ALRAAQI FOR TRADING

पूर्व स्वीकृति मिति : २०८२/०७/२० | LT. No. 333385 | चलानी नं. ६०२४७०४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylist -Female | 0 | 1 | 170 | ६२,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २८ गते (14th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९



## कुवेत/कतारमा रोजगार

कम्पनी : ABJ ENGINEERING & CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२० | LT. No. 322722 | चलानी नं. ६०२३६७९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 44 | 0 | 100 | ४६,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 47 | 0 | 110 | ५०,८४० | | | | | | | |

कम्पनी : NAIRAT FOOD

पूर्व स्वीकृति मिति : २०८१/११/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२० | LT. No. 320167 | चलानी नं. ६०२३४३०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Agent | 9 | 0 | 1000 | ३८,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २८ गते (14th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कतार/साउदी/कुवेतमा रोजगार

कम्पनी : ASYAD ALLMAN FOR CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०३/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१९ | LT. No. 326163 | चलानी नं.६०२४०१६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COOKER/COOK | 0 | 1 | 1600 | ६२,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | WASHER MAN/WASHING PERSON | 0 | 6 | 1000 | ३८,९८५ | | | | | | | |

कम्पनी : ZAKA ARABIA CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८२/०७/१८ | LT. No. 333271 | चलानी नं.६०२४७०४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 10 | 0 | 1200 | ४५,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL TABI RESTAURANT CO W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०३/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१९ | LT. No. 307187 | चलानी नं.६०२२१८८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 16 | 0 | 100 | ४६,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २७ गते (13th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 326163/333271/307187 मितिः २०८२/१०/२० मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २३७८०० | प्रति तोला - ० | प्रति तोला - ३०१० |



**धान बत्ताउँदै** | भक्तपुर मध्यपुर ठिमी नगरपालिका-९ राधेराधे आसपासको क्षेत्रमा बिहीबार धान बत्ताउँदै किसान ।
*तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

# भोजपुरमा ५१ हजार मेट्रिकटन आलु उत्पादन

**भोजपुर-** जिल्लामा गत आर्थिक वर्षमा ५१ हजार नौ सय मेट्रिक टन आलु उत्पादन भएको छ। हिउँदे र वर्खे गरी यहाँ ५१ हजार मेट्रिकटन बढी आलु उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ।

यहाँ दुई सिजनमा गरी तीन हजार २७२ हेक्टर क्षेत्रमा आलु उत्पादन हुने कृषि ज्ञान केन्द्र भोजपुरका सूचना अधिकारी धनश्याम बरालले जानकारी दिए। विगतमा निर्वाहमुखी खेतीमा सीमित किसानहरू अहिले व्यावसायिक रूपमा आलु खेतीमा लाग्न थालेको बरालले बताए। 'जिल्लामा पछिल्लो समय व्यावसायिक आलु खेती गर्ने किसानको सङ्ख्या बढ्दै गएको छ,' उनले भने, 'गत वर्ष भोजपुरमा ५१ हजार मेट्रिकटन भन्दाबढी आलु उत्पादन भएको थियो। आलु किसानको राम्रो आम्दानीको श्रोत बनेको छ।'

ज्ञान केन्द्रले उन्नत जातको बीउ वितरणसँगै विभिन्न ठाउँमा आलु पकेट क्षेत्र निर्धारण गरेर प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ। जिल्लामा वर्खे आलुको उत्पादन बढी हुने गरेको किसानको भनाइ छ। ग्रामीण क्षेत्रसम्म सडक विस्तार भएपछि उत्पादित आलु बेचविखन गर्न सहजता भएको टेम्केमैयुङ-५ मझौलेका किसान धनराज राईले बताए। सडकका पहुँचका कारण अहिले आलु किन्न ठेकेदार गाडी लिएर घरमा नै आउने गरेको उनको भनाइ छ।

'पहिले बेचविखन गर्न निकै समस्या थियो। पिठ्यूँमा बोकेर बेँसीसम्म लगेर र धानसँग सटही गर्थ्यौं। तर सडक विस्तार भएपछि अहिले ठेकेदारहरू गाडी लिएर घरमै आउँछन्,' राईले भने। उनका अनुसार, सडक पुगेसँगै किसानले उत्पादनको मूल्य समयमै पाउने र बजारसम्म सहज पहुँच बनेपछि आलु खेतीप्रति अझ आकर्षित भएका छन्। *रासस*

# नेपाल-भारत स्टार्टअप पार्टनरसीप नेटवर्कसम्बन्धी अभिमुखीकरण सम्पन्न

**काठमाडौं-** यहाँस्थित भारतीय राजदूतावासले आगामी महिनामा आयोजना गर्न लागेको भारत-नेपाल स्टार्टअप पार्टनरसीप नेटवर्कको पहिलो कार्यक्रमसम्बन्धी अभिमुखीकरण सत्र सम्पन्न गरेको छ।

नेपाल-भारतको स्टार्टअप 'इकोसिस्टम'बीचको अन्तरक्रियालाई वृद्धि गर्ने उद्देश्यका साथ आयोजना गरिने पहिलो 'इन-स्पान' कार्यक्रम सन् २०२५ डिसेम्बरमा आइआइटी मद्रासमा सुरु हुने कार्यतालिका रहेको दूतावासले जनाएको छ। उक्त कार्यक्रममा नेपालका स्टार्टअपका प्रतिनिधिका लागि आइआइटी मद्रास प्रवर्तकसँगको सहकार्यमा आठ हप्ताको प्रशिक्षण र नवप्रवर्तन कार्यक्रम समावेश हुनेछ। उक्त ढाँचामा प्रशिक्षित हुन चाहने सहभागीका लागि तालिम, परामर्श र इन्टर्नसीप समावेश हुनेछ।

दूतावासमा भएको कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले उक्त पहलको प्रशंसा गर्नुभएको थियो। दूतावास परिसरमा आयोजित उक्त सत्रमा विभिन्न स्टार्टअपहरू, सरकारी विभाग, वाणिज्य सङ्घ, रोबोटिक्स एशोसिएसन अफ नेपाल, एनएएस आइटी, फिनटेक एलायन्स, एआई एशोसिएसन अफ नेपाल र शैक्षिक संस्थाबाट करिब १०० जना सहभागी उपस्थित थिए।

वीरगञ्जका तथा त्रिभुवन विश्वविद्यालयअन्तर्गतको इञ्जिनियरिङ अध्ययन संस्थान, धरान क्याम्पसका करिब ६० जना सहभागी भर्चुअल रूपमा कार्यक्रममा सहभागी थिए। इलेक्ट्रिकल इञ्जिनियरिङका प्राध्यापक तथा सेन्टर फर ह्युमन सेन्ट्रिक एआई, आइआइटी मद्रासका प्रमुख वैज्ञानिक प्रो गौरव रैना अनलाइन कार्यक्रममा सामेल थिए भने आइआइटी मद्रास र आइआइटीएम प्रवर्तकको नवप्रवर्तन इकोसिस्टमका बारेमा जानकारी दिएका थिए।

यसअघि सोही त्रिभुवन विश्वविद्यालयअन्तर्गतको इञ्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक क्याम्पसमा पनि यस्तै सत्र आयोजना गरिएको थियो जसमा करिब ७० विद्यार्थी सहभागी थिए। आवेदनको मूल्याङ्कन र उम्मेदवारको अन्तर्वार्ताका आधारमा उक्त कार्यक्रमका लागि छनोट हुने दूतावासले जनाएको छ। आवेदन यही नोभेम्बर १५ गतेसम्म खुला रहनेछ। *रासस*

# मारमा मौरीपालक किसान

**चितवन-** सरकारले आयातित महलाई बजारमा प्रमुख स्थान दिँदा स्वदेशी मौरीपालक किसान असन्तुष्ट भएका छन्।

मह उत्पादन र खपतको मुख्य समय असोजदेखि चैत्रसम्म हुने भएकाले सो अवधिमा विदेशी मह आयात गर्ने सरकारको निर्णय किसानको हितमा नरहेको किसानको गुनासो छ। साथै चरन क्षेत्रमा हुने विभिन्न अवरोधका कारण पनि मौरीपालक किसान थप मर्कामा छन्। सरकारले सहयोग नगरे विदेशी बहुराष्ट्रिय कम्पनी र ठूला व्यवसायी-बिचौलियाले मौरीपालक किसानलाई विस्थापित गर्ने उनीहरूको भनाइ छ।

नेपाल मौरीपालक महासङ्घका वरिष्ठ उपाध्यक्ष पदमप्रसाद अमगाईंले भने, 'यो समयमा किसानको मह बिक्री नभए वर्षभरिको लगानी र परिश्रम खेर जान्छ।' उनका अनुसार चरन अवधिमा फुलमा विषादी छर्किंदा मौरी मर्ने, वन कार्यालयले हरेक घारका लागि रु ३०० लिने, बाटोमा अवरोध हुने र बीमा दाबीसमेत गर्न कठिन हुने गरेको छ। चरन क्षेत्र दाङ र कपिलवस्तु हुँदै चितवनसम्म फैलिएको छ। *रासस*

# 'सूत्र' कार्यान्यवनमा समस्याः एकअर्कालाई दोषारोपण गर्दै मलेनिका र पालिका

■ **हेमन्त जोशी**




**काठमाडौं-** २०७६ वैशाख १७ गते मन्त्रिपरिषद्ले सबै स्थानीय तहमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) अनिवार्य रुपमा लागू गर्ने निर्णय गऱ्यो। यो निर्णयको उद्देश्य स्थानीय तहमा पारदर्शिता, एकरूपता र डिजिटल लेखा प्रणालीको विकास थियो। तर, साढे छ वर्षभन्दा बढी समय बितिसक्दा पनि 'सूत्र' प्रणाली पूर्णरूपमा लागू हुन सकेको छैन।

सूत्र प्रणालीमा स्थानीय तहको आयव्ययको अनुमान, बजेट स्वीकृति, धरौटी, राजस्व बाँडफाँट, तलबी विवरण, राजस्व तथा अनुदानलगायत विवरण राखिन्छन्। तर स्थानीय तहले ती विवरण सूत्र प्रणालीमा राख्नेभन्दा पनि निजी क्षेत्रबाट खरिद गरी आफ्नो छुट्टै सफ्टवेयर प्रणालीलाई बढावा दिँदा पूर्ण रुपमा कार्यान्वयन हुन नसकेको हो। यस अवस्थाले सङ्घीयता कार्यान्वयनमा मात्र नभई स्थानीय तहको वित्तीय अनुशासन र सुशासनमा गम्भीर प्रश्न उठाएको छ।

महालेखा नियन्त्रक कार्यालय (मलेनिका)का अनुसार अधिकांश पालिकाले आफ्नो बजेट (आय-व्यय)को अनुमान सूत्र प्रणालीमार्फत व्यवस्थापन गर्न थालिसकेका छन्। तर, राजस्व बाँडफाँटको काम ९० वटा पालिकाबाट मात्रै सूत्र प्रणालीबाट हुन्छ। त्यस्तै, तलबी विवरण ६८३ वटा पालिकाले यस प्रणालीबाट व्यवस्थापन गरिरहेका छन्। राजस्व मोडल पूर्णरुपमा कार्यान्वयन गर्ने पालिकाको सङ्ख्या ५८३ छ भने ६४० वटा पालिकाले आंशिक रुपमा मात्रै प्रयोगमा ल्याएका छन्।

मलेनिकाबाट सञ्चालन र व्यवस्थापन भइरहेको सूत्र प्रणाली लामो समयसम्म पनि पूर्ण रुपमा कार्यान्वयनमा आउन नसक्नुमा मलेनिका र स्थानीय तहका आआफ्नै तर्क छन्। यद्यपि, प्रणाली सञ्चालनका लागि आर्थिक तथा प्राविधिक चुनौती, दक्ष जनशक्ति अभाव, स्थानीय तहको अटेरीपन, मलेनिकाको कमजोर पहलकदमीजस्ता समस्या ज्युँकात्युँ छन्।

दूरदराज र कमजोर स्रोतसाधन भएका स्थानीय तह मात्र नभई सुविधासम्पन्न पालिकालेसमेत सूत्र प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयन गरेका छैनन्। देशका छवटै महानगरपालिकाले सूत्रलाई पूर्ण रुपमा कार्यान्वयन गर्न तदारुकता देखाएका छैनन्। तुलनात्मक रुपमा पोखरा महानगरपालिकाको प्रगति देखिए पनि अरु महानगरले भने आफ्नो छुट्टै राजस्व प्रणाली चलाइरहेका छन्।

वीरगञ्ज महानरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णका अनुसार निजी क्षेत्रबाट सेवा लिइरहेको सफ्टवेयर पहिल्यैदेखि सञ्चालन भइरहेको र त्यसको डाटा सूत्र प्रणालीमा सार्न कठिनाइ भएका कारण समस्या देखिएको छ। 'हामीले पहिल्यैदेखि निजी क्षेत्रबाट सेवा लिएर सफ्टवेयर प्रयोग गरिरहेका छौं। त्यो प्रणालीमा काम गरिरहेको र सजिलो पनि भएका कारण अहिले पनि निरन्तर छ,' उनले भने, 'सूत्र प्रणालीमा जानका लागि समस्या छैन। तर डाटा सार्न समय लाग्छ। सुरक्षित रुपमा तथ्याङ्क प्रणालीमा प्रविष्ट हुनुपऱ्यो।'

वीरगञ्ज महानगरपालिकाले वार्षिक करिब रु साढे दुई लाख खर्च गरेर निजी क्षेत्रको साङ्ग्रिला सफ्टवेयर प्रयोग गर्दै आएको छ। चालु आर्थिक वर्षका लागि पनि सम्झौता भइसकेकाले यस वर्ष पूर्ण रुपमा सूत्र प्रणालीमा जान समस्या हुने महानगरपालिकाको भनाइ छ। त्यस्तै, प्राविधिक समस्या पनि उत्तिकै छन्। महानगरपालिकाको राजस्व व्यवस्थापन महाशाखाका इञ्जिनियर मनोज कर्णले लेखाशाखा र राजस्व शाखाले फरकफरक बैंकमार्फत कारोबार गरेकोदेखि सूत्र प्रणालीमा तथ्याङ्क सार्न नसकेको र फाइलहरू अपलोड गर्न नसकेको सम्मका समस्या त्यहाँ छन्। जसकारण सूत्र प्रणालीलाई आंशिक रुपमा प्रयोग गर्दै गए पनि तत्काल सबै काम यही प्रणालीबाट गर्न नसकिने र पुरानो सफ्टवेयर बन्द गर्ने अवस्था नरहेको उनको भनाइ छ।

'हामीले प्रयोग गरिरहेको सफ्टवेयरको डाटा प्रविष्टि प्रणाली र सूत्रको प्रणाली फरक छ। हामीसँग २०५५ सालदेखिको राजस्व बक्यौता बाँकी छ। जसलाई सूत्रले चिन्दैन। पुरानै प्रणालीबाट हेर्नुपर्ने हुन्छ। यसकारण अहिले तत्काल सूत्र प्रणाली मात्रै चलाउनसक्ने अवस्था छैन,' उनले भने। त्यस्तै, सूत्र प्रणालीमा फाइल पिडिएफ वा अन्य डिजिटल फर्म्याटमा राख्न नमिल्ने भएका कारण पनि पुरानै सफ्टवेयरलाई निरन्तरता दिइएको उनले उल्लेख गरे।

लामो प्रयास गर्दा पनि महालेखा नियन्त्रक कार्यालयले 'डाटा माइग्रेसन' नगरिदिएपछि सूत्र प्रणाली पूर्ण कार्यान्वयन गर्न नसकेको गुनासो विराटनगर महानगरपालिकाको छ। सम्पत्ति करको ३०-३५ वर्षदेखिको बक्यौताको विवरण सूत्र प्रणालीमा प्रविष्टि गर्न नसकेपछि महानगरले पुरानै सफ्टवेयरबाट काम गरिरहेको छ। त्यस्तै सूत्र प्रणालीमा प्राविधिक समस्या देखिएमा तत्काल समाधान गर्न कठिन हुने गरेको गुनासो पनि स्थानीय तहहरूले गर्दै आएका छन्।

नेपाल नगरपालिका सङ्घका अध्यक्ष तथा नीलकण्ठ नगरपालिकाका नगरप्रमुख भीमप्रसाद ढुङ्गाना सूत्र प्रणालीमा पटकपटक समस्या आउन थालेको भनेर देशभरका नगरपालिकाबाट लामो समयदेखि गुनासो गरिरहेको बताउँछन्। 'केही समय अगाडि रातिको समयमा मात्रै चल्थ्यो, जसकारण हामीले रातमा चेक काट्नुपर्ने हुन्थ्यो। अहिले रातमा पनि चल्न छाडेको छ। धेरै ठाउँबाट सूत्र सुस्त (स्लो) भयो भनेर गुनासो आइरहेका छन्। यसबारे मैले मलेनिकालाई पटकपटकभन्दा पनि समस्या समाधान हुन सकेको छैन,' ढुङ्गानाले भने। करिब २१ हजार हाराहारी करदाता रहेको नीलकण्ठ नगरपालिकाले पहिलो चरणमा वडा नं ३, ८, १२ को राजस्व सङ्कलन सूत्र प्रणालीबाटै गर्ने तयारी थालेको थियो। उक्त नगरपालिकाले आफैं सञ्चालन गरिरहेको प्रणालीको तथ्याङ्क तथा विवरण सार्न (डाटा माइग्रेसन) का लागि महालेखालाई दुई पटकसम्म पत्राचार गर्दा पनि त्यसको प्रतिक्रिया नपाएको गुनासोसमेत गरेको छ।

सूत्र प्रणाली लागू गर्नु भनेर पटकपटक परिपत्र गर्ने गरेको भए पनि स्थानीय तहलाई बाध्यकारी बनाउन नसकेको तर्क महालेखा नियन्त्रक कार्यालयको छ। उपमहालेखा नियन्त्रक यज्ञप्रसाद ढकालका अनुसार सूत्र कार्यान्वयन नगरे कुनै कारबाही गर्ने प्रावधान छैन। जसकारण स्थानीय तहले अटेरी गर्ने, समयमा तथ्याङ्क उपलब्ध नगराउनेलगायत समस्या छन्। त्यस्तै, प्रणालीको कमजोर प्राविधिक क्षमता र जनशक्ति अभावलाई पनि ढकाल कारण मान्छन्।

'सूत्र प्रणाली पूर्ण रुपमा कार्यान्वयनका लागि हामीले सबैभन्दा बढी क्षमता विकास र पूर्वाधारमा लगानी गर्नुपर्ने देखिएको छ। दक्ष जनशक्ति पनि पर्याप्त छैन,' उनले भने। अहिले पनि सूत्र प्रणालीमा दैनिक औसत पाँच हजारदेखि छ हजार प्रयोगकर्ताले चलाइरहेका हुन्छन्। यसको क्षमता बढाएर औसत १५ हजार जनाले चलाउँदा पनि प्रणालीमा समस्या नहुने गरी तयार पार्न आवश्यक रहेको उपमहालेखा नियन्त्रक ढकाल बताउँछन्। त्यस्तै, स्थानीय तहलाई यो प्रणाली कार्यान्वयन गर्न बाध्यकारी बनाउने र त्यसका लागि केही हस्तक्षेप गर्ने हो भने सुधार हुने अपेक्षा उनले व्यक्त गरे।

सूत्र कार्यान्वयनबाट राजस्वको पारदर्शिता, सञ्चित कोषमा हुने अनियमितता नियन्त्रण, एकीकृत वित्तीय तथ्याङ्क प्रणालीको विकास, नीति निर्माणका लागि सही तथ्याङ्कमा आधारित निर्णय, लेखापरीक्षणलगायत प्रक्रियालाई सहज बनाउने लक्ष्य राखिएको थियो। उक्त प्रणाली कार्यान्वयनमै समस्या देखिएपछि यी लक्ष्य प्राप्तिमा चुनौती थपिएको छ। महालेखापरीक्षकको बासठ्ठीऔं प्रतिवेदनलेसमेत सूत्र प्रणाली प्रभावकारी कार्यान्वन हुन नसक्दा स्थानीय तहको वित्तीय विवरणको विश्वसनीयतामाथि नै प्रश्न उठाएको छ।

## सम्भावित जोखिम र अवको कार्यदिशा

स्थानीय तहहरूले मनपरी सफ्टवेयर वा म्यानुअल प्रणालीमार्फत सञ्चित कोष व्यवस्थापन गर्दा वित्तीय अनियमितता लुकाउने ठाउँ रहन्छ। लेखापरीक्षण गर्न कठिन हुन्छ र सम्पूर्ण तथ्याङ्क समेटिएको केन्द्रीय ड्यासबोर्ड बन्न सक्दैन। निजी क्षेत्रबाट सञ्चालित प्रणाली चलाउँदा तथ्याङ्कमा तलमाथि हुनसक्ने र हराउने जोखिम रहनेहुँदा त्यस्ता सफ्टवेयरलाई विश्वसनीय मान्न नसकिने उपमहालेखा नियन्त्रक ढकाल बताउँछन्। सूत्र प्रणाली पूर्ण रुपमा कार्यान्वयन गर्दा निजी सफ्टवेयर खरिद, मर्मतसम्भार तथा सेवा शुल्कका रुपमा हुने जथाभावी खर्च पनि नियन्त्रण हुने विश्वास उनले व्यक्त गरे।

त्यस्तै, तहगत सरकारबीचको समन्वय नहुँदा तथ्याङ्क दोहोरिने विसङ्गति देखिन सक्छ। जसकारण गलत सूचना तथा तथ्याङ्कका आधारमा नीति तथा वार्षिक बजेटलगायत योजना बन्ने जोखिम पनि उत्तिकै छ। जब वित्तीय प्रणालीमै विकेन्द्रीकरण छैन वा त्यसमा पारदर्शिता छैन भने सङ्घीयता केबल नाम मात्रको रहन्छ। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ